# नेपाल निर्माण व्यवसायी महासंघको विधान - २०५४

(नेपाल निर्माण व्यवसायी संघको विधान, २०४६ को संशोधन)

*१ प्रथम संशोधन.मितिः २०४७ मंसीर २५ ।*
*२ दोश्रो संशोधन मितिः २०५१ आश्विन ७ ।*
*३ तेश्रो संशोधन मितिः २०५४ पौष १५ ।*
*४ चौथो संशोधन मितिः २०५६ फागुन १५ ।*
*५ पाँचौ संशोधन मितिः २०५८ असार २२ ।*
*६ छैठौं संशोधन, मिति २०६१ माघ ७ ।*
*७ सातौं संशोधन.मिति २०६५ असार २० ।*
*८ आठौं संशोधन मिति २०६७ कार्तिक १८ ।*

## प्रस्तावना

नेपालको सर्वाङ्गिण विकासमा अहं भूमिका रहेको निर्माण व्यवसायलाई थप सवल र आधुनिक बनाई अन्तराष्ट्रिय स्तरको विकास निर्माण कार्यमा सदा अग्रसर तुल्याई स्वदेशी श्रम तथा पूँजीको अधिकतम् उपयोग गरी निर्माण क्षेत्रमा देशलाई आत्मनिर्भर बनाई राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न, र

अन्तराष्ट्रिय स्तरमा भाईचारा सम्वन्ध अभिबृद्धि गरी निर्माण क्षेत्रमा आधुनिक प्रविधि भिœयाउन सदा कृयाशील रही, स्वदेश तथा विदेशमा निर्माण व्यवसायलाई विस्तार गर्न साधन र सुविधा सम्पन्न सक्षम, कृयाशील र आत्मनिर्भर निर्माण व्यवसायको अभिबृद्धि गरी राष्ट्रको अर्थतन्त्रलाई दरिलो पार्ने काममा ठोस योगदान गर्न तथा नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप निर्माण व्यवसायलाई विकसित गर्न नेपालका सबै वर्गका निर्माण व्यवसायीहरुलाई एशोसिएट सदस्यहरु, क्षेत्रीय एवं जिल्ला संघहरु र बस्तुगत संघहरु मार्फत संगठीत तुल्याई व्यवसायिक हक हितको संरक्षण एवं सम्बर्द्धन गर्न बाञ्छनीय भएकोले,

२०४७ सालमा स्थापित नेपाल निर्माण व्यवसायी संघको चौथो साधारणसभामा उपस्थित नेपालभरका विभिन्न एशोसिएट सदस्यहरु, क्षेत्रीय तथां जिल्ला संघ सदस्य प्रतिनिधिहरुको सहमति बाट विशुद्ध गैर राजनीतिक संस्थाका रुपमा स्थापीत “नेपाल निर्माण व्यवसायी संघको विधान २०४६” लाई संशोधन गरी “नेपाल निर्माण व्यवसायी महासंघको विधान २०५४” मा परिणत गरि त्यसमा समयानुकुल संशोधन एवं परिमार्जनका साथ यो विधान लागू गरिएको छ । [८]

## परिच्छेद - १
## प्रारम्भिक

### १ संक्षिप्त नाम र प्रारम्भ :

(क) यस महासंघको नाम “नेपाल निर्माण व्यवसायी महासंघ” रहनेछ ।

(ख) यस महासंघको अंग्रेजी भाषामा नाम **"Federation of Contractors' Associations of Nepal"** र छोटकरीमा **FCAN** हुनेछ ।

(ग) यो विधान पञ्जीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा निम्नलिखित शब्दहरूले निम्नलिखित अर्थ जनाउनेछ :

**(क)** **“महासंघ”** भन्नाले यस विधान अनुसार स्थापना भएको नेपाल निर्माण व्यवसायी महासंघलाई जनाउँछ ।

**(ख)** **“विधान”** भन्नाले महासंघको विधान र यसमा समय समयमा संशोधन भएमा सो समेतलाई सम्झनु पर्दछ ।

(ग) **"निर्माण व्यवसायी"** भन्नाले निर्माण सामग्री, यान्त्रीक उपकरण तथा औजार, दक्ष तथा अदक्ष कामदार आदि जुटाई विभिन्न निर्माण कार्यहरू गर्नलाई प्रचलित ऐन नियम बमोजिम ईजाजत प्राप्त गरी दर्ता भएको प्रोप्राइटरसीप वा साझेदारी फर्म, प्राइभेट वा पब्लिक लिमिटेड कम्पनीलाई सम्झनु पर्दछ ।

(घ) **"सदस्य"** भन्नाले महासंघको विधान बमोजिम महासंघको सदस्यता प्राप्त गरेको साधारण, एशोसिएट, बस्तुगत संघ, अस्थायी तथा मानार्थ सदस्य समेतलाई जनाउँदछ । [८]

(ङ) **"नियम"** भन्नाले यस विधान अन्तर्गत महासंघले बनाएको नियमलाई जनाउँदछ ।

(च) **"संघ"** भन्नाले क्षेत्रीय एवं जिल्लास्तरमा स्थापित निर्माण व्यवसायी संघ र बस्तुगत संघहरुहरूलाई जनाउँदछ । [८]

(च१) **"कार्य समिति"** भन्नाले विधानको दफा ११ बमोजिम गठित महासंघको कार्य समितिलाई सम्झनुपर्दछ ।

(छ) **"पदाधिकारी"** भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उपमहासचिवहरु, कोषाध्यक्ष र सह कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ१) **"कार्य समिति सदस्य"** भन्नाले कार्य समितिका सदस्यहरुलाई सम्झनुपर्दछ ।

(ज) **"अस्थायी सदस्य"** भन्नाले तदर्थ समितिको रुपमा महासंघको सदस्यता लिएका क्षेत्रीय तथा जिल्ला निर्माण व्यवसायी संघहरु र निर्माण व्यवसाय ऐन बमोजिम अस्थायी इजाजत प्राप्त विदेशी निर्माण व्यवसायीहरुलाई जनाउँदछ ।

(झ) **"एशोसिएट सदस्य"** भन्नाले विधानको दफा ६(ख) बमोजिमका सदस्यहरुलाई जनाउँदछ ।

(झ.क) **"बस्तुगत संघ"** भन्नाले विधान बमोजिम योग्य भई सदस्यता प्राप्त बस्तुगत संघ भन्ने जनाउँदछ । [८८]

(झ१) **"इफाप्का"** भन्नाले महासंघ सदस्य रहेको इन्टरनेशनल फेडरेशन अफ एशियन एण्ड वेष्टर्न प्यासिफिक कन्ट्राक्टर्स एसोसिएसन्स **(IFAWPCA)** लाई सम्झनु पर्दछ ।

(ञ) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले विधान, नियमावली र साधारण सभा तथा कार्य समितिको निर्णयले तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनु पर्दछ ।

३. **महासंघको छाप, प्रतिक चिन्ह र झण्डा :** महासंघको छाप अनुसुची २ बमोजिम र महासंघको प्रतिक चिन्ह र झण्डा अनुसुची ३ बमोजिम हुनेछ ।

**३क.** महासंघ निर्माण व्यवसायीहरुको मुनाफा रहित गैर राजनीतिक प्रतिनिधिमुलक सर्वोच्च संघीय संस्था हुनेछ ।

४. **कार्यालय :** महासंघको कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ ।

## परिच्छेद - २
## उद्देश्य

### ५. महासंघका उद्देश्यहरू निम्न हुनेछन् :

(क) निर्माण व्यवसायलाई पेशागतरुपमा अंगाली कार्य गर्ने नेपाली निर्माण व्यवसायीहरूलाई एकसूत्रमा बांधी तिनीहरूको व्यवसायिक हितको संरक्षण, अभिबृद्धि र विकास गर्ने र नेपाली निर्माण व्यवसायीहरूको अभिलेख राखी स्वदेशी निर्माण उद्योगको स्तरको प्रारुप तयार गर्ने ।

(ख) निर्माण उद्योगको सम्बन्धमा नेपाल सरकारबाट समय समयमा लागू गर्ने नीति, नियम र सिद्धान्तलाई निर्माण व्यवसायीहरूको हितमा प्रतिपादन गर्न, संशोधन गर्न, कार्यान्वयन गर्न गराउन, निर्माण कार्यको सिलसिलामा तयार गरिने बोलपत्र, करारपत्र आदि दस्तावेजहरूमा भएका अमेल एवं एकपक्षीय शर्तहरू हटाई अन्तर्राष्ट्रिय स्तरमा कायम गर्न समेतको लागि नेपाल सरकार एवं अन्य संघ संस्था वा निकाय समक्ष सुझाव पेश गर्ने,

विभिन्न गोष्ठी, सेमिनार, छलफल कार्यक्रम आदिको आयोजना गरी यस कार्यमा प्रभावकारी भूमिका निभाउने ।

**(ग)** देशको सर्वाङ्गिण विकास र निर्माण कार्यमा निर्माण उद्योगको महत्वपूर्ण योगदान रहने हुनाले देश विकासको गतिसंग अमिल्दा र समयानुकुल नभएका नेपाल सरकारका कुनै निर्माण कार्य सम्बन्धी नीति, नियम, कानूनलाई देशको विकासको निमित्त र निर्माण व्यवसायीहरूको निमित्त बढी सहायक र प्रभावकारी हुने गरी समयानुकुल बनाउन नेपाल सरकारका सम्बन्धित् निकायहरूसंग समझदारी राखी आवश्यक सुधार वा संशोधन गराउन प्रयत्नशील रहने ।

**(घ)** विभिन्न देशका राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरका निर्माण व्यवसायी संघ, संगठन एवं महासंघ, संस्था तथा निकायहरू समेतको सदस्यता प्राप्त गर्ने, यस्ता निकायहरूसंग मैत्री सम्बन्ध कायम गर्ने र अनुभव तथा विचारको आदान प्रदानद्वारा निर्माण व्यवसायलाई बढी दक्ष र प्रभावकारी बनाउन एवं नेपाली निर्माण व्यवसायीहरूको समुचित विकास गर्न गहन भूमिका निभाउने ।

**(ङ)** स्वेदशी निर्माण व्यवसायीहरुको सीप, ज्ञान र दक्षताको अभिबृद्धि गरी विदेशी निर्माण व्यवसायीहरुसँग प्रतिस्पर्धा गर्ने क्षमता बृद्धिको लागि प्रयास गर्ने ।

**(च)** नेपाली निर्माण व्यवसायीहरु र महासंघको सदस्यता प्राप्त संघहरुलाई प्रोत्साहित गर्न, कदर गर्न तथा निर्माण व्यवसाय क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तित्वहरुलाई समेत पुरस्कार, प्रशंसापत्र, कदरपत्र आदि प्रदान गर्ने तथा सम्वन्धित निकायमा शिफारिस गर्ने ।[८]

**(छ)** देशमा आइपर्ने दैवी विपत्ति एवं प्राकृतिक प्रकोप जस्ता बेलामा तन, मन, धनले सहयोग गर्ने ।

**(ज)** सामुहिक रूपमा निर्माण व्यवसायीहरू र महासंघको सदस्यता प्राप्त संघहरुलाई आइपर्ने व्यवसाय सम्बन्धी समस्याको समाधान गर्न प्रयत्न गर्ने ।[८]

**(झ)** निर्माण व्यवसायसंग सम्बन्धित विभिन्न निकाय, वित्तीय संस्थाहरू आदिबाट नेपाली निर्माण व्यवसायीहरू र सदस्यता प्राप्त संघहरुलाई दिइआएका सुविधाहरू अझ बढी सरल र सुलभ तरिकाले उपभोग गर्न पाउने र थप सुविधा पाउने वातावरण सिर्जना गर्ने ।[८]

**(ञ)** विभिन्न समाज सेवा एवं जनउपयोगिताका कार्य गर्ने र गर्न प्रोत्साहन गर्ने ।

**(ट)** अन्तराष्ट्रिय स्तरमा नेपाली निर्माण व्यवसायीहरुको साखमा अभिबृद्धि गरी अन्तराष्ट्रिय स्तरको बोलपत्रहरुमा नेपाली निर्माण व्यवसायीहरुले भाग लिई कार्य गर्न सक्षम तूल्याउन यावत प्रयत्नहरु गर्ने ।

**(ठ)** निर्माण व्यवसायीहरु र महासंघको सदस्यता प्राप्त संघहरुको पीरमर्का, गुनासोहरु सम्वन्धित निकाय सम्म पुर्‍याई निर्माण व्यवसायीहरुको अधिकतम् हक र हितका लागि संभाव्य सम्पूर्ण उपायहरु अवलम्वन गर्ने ।[८]

**(ड)** महासंघको सदस्यता प्राप्त बस्तुगत संघहरुको उन्नती र विकासका लागि आवश्यक कार्यहरु गर्ने ।[८८]

**(ढ)** नेपाली निर्माण व्यवसाय क्षेत्रको उत्थान एवं विकासका लागि स्वदेशी निर्माण व्यवसायीको शीप तथा दक्षता अभिबृद्धि गर्न र विभिन्न किसिमका जनशक्ति उत्पादन तथा प्रशिक्षण गर्न महासंघ आँफैले वा कुनै संस्थाहरुसँग समन्वय गरी तालिम दिने संस्था स्थापना गर्ने, अन्य यस्तै सेवा प्रदायक संस्थाहरुसँग सहकार्य गरी प्रशिक्षण दिने ।[८८]

## परिच्छेद - ३
## सदस्यता

**६. सदस्यको योग्यता र प्रकार :**

**(क) साधारण सदस्यः**

(१) विभिन्न जिल्लामा अवस्थित निर्माण व्यवसायीहरुद्वारा दर्ता भई स्थापना भएका निर्माण व्यवसायी संघ संस्थाहरु महासंघको साधारण सदस्यताको लागि योग्य हुनेछन् ।

(२) प्रत्येक विकास क्षेत्रमा त्यस क्षेत्रभरिका जिल्ला निर्माण व्यवसायी संघहरुद्वारा स्थापना भएका क्षेत्रीय निर्माण व्यवसायी संघहरु महासंघको साधारण सदस्यताको लागि योग्य हुनेछन् ।

(ख) **एशोसिएट सदस्य :** यस महासंघ स्थापना हुँदाका बखत तत्कालिन नेपाल निर्माण व्यवसायी संघका साधारण सदस्यहरु स्वतः महासंघका संस्थापक एशोसिएट सदस्य हुनेछन् ।

नयाँ एशोसिएट सदस्य बन्न चाहने इजाजत प्राप्त जुनसुकै निर्माण व्यवसायीहरुले यस विधान बमोजिम तोकिएको प्रकृया पूरा गरि महासंघको एशोसिएट सदस्य हुन सक्नेछन् ।

(ख१) **संस्थापक सदस्य :** महासंघ स्थापनाका बखतका तत्कालिन नेपाल निर्माण व्यवसायी संघका साधारण सदस्यहरु स्वतः संस्थापक एशोसिएट सदस्य हुनेछन साथै महासंघ स्थापना हुँदा उपस्थित भएका विभिन्न क्षेत्रीय तथा जिल्ला संघहरु संस्थापक सदस्य हुनेछन । संस्थापक एशोसिएट सदस्यहरु, क्षेत्रीय र जिल्ला संघहरुको नामावली महासंघको अभिलेखमा राखिने छ ।

(ग) **मानार्थ सदस्यः** निर्माण व्यवसाय, निर्माण प्रविधि, विज्ञान तथा प्रविधि वा देश विकासका अन्य क्षेत्रमा विशिष्ठ योगदान गर्ने व्यक्ति, फर्म, कम्पनी, संघसंस्था वा कुनै अन्तराष्ट्रिय संघ संस्था वा तिनको प्रतिनिधि वा अन्य योग्य व्यक्तिलाई कार्य समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यको मताधिकार हुनेछैन ।

(ग१) **अस्थायी सदस्य :**

(१) विधिवत्रुपमा दर्ता भई नसकेका भएतापनि क्षेत्रीय निर्माण व्यवसायी संघको हकमा सम्बन्धित् विकास क्षेत्रका बहुमत जिल्ला निर्माण व्यवसायी संघहरु र जिल्ला निर्माण व्यवसायी संघको हकमा कम्तिमा एघारजना निर्माण व्यवसायीहरु मिली गठन गरेको तदर्थ क्षेत्रीय निर्माण व्यवसायी संघ वा जिल्ला निर्माण व्यवसायी संघहरु अस्थायी सदस्यताको लागि योग्य हुनेछन् ।

(२) नेपाल सरकारको सम्वन्धित निकायबाट नेपालमा निर्माण व्यवसाय गर्न अस्थायी इजाजतपत्र प्राप्त गरेका निर्माण व्यवसायी कम्पनी तथा फर्महरुलाई महासंघको अस्थायी सदस्यता प्रदान गर्न सकिने छ । यसरी अस्थायी सदस्यता प्रदान गर्दा लाग्ने शुल्क कार्यसमितिले तोके बमोजिम हुनेछ ।

(३) अस्थायी सदस्यको मताधिकार हुने छैन ।

(ग२) **बस्तुगत संघ सदस्य**[८८] : देहायको योग्यता पुगेका राष्ट्रिय स्तरका संघ वा महासंघहरुले महासंघको सदस्य बन्न निवेदन गरेमा महासंघ कार्यसमितिले बस्तुगत संघको रुपमा सदस्यता प्रदान गर्न सक्नेछ ।

क) निर्माण उद्योगसँग प्रत्यक्ष रुपमा सम्वन्धित भौतिक पूर्वाधारहरुको निर्माणमा संलग्न हुने व्यवसायीहरुले सोही उद्देश्य लिई सम्वन्धित निकायमा दर्ता भै राष्ट्रिय स्तरको कार्यक्षेत्र रही क्रियाशील रहेको संघसंस्था वा महासंघ ।

ख) निर्माण उद्योगसँग प्रत्यक्ष रुपमा सम्वन्धित भौतिक पूर्वाधारहरुको निर्माणमा प्रयोग हुने मेसिनरी औजारहरु सप्लाई र भाडामा दिने प्रयोजन भएका व्यवसायीहरुले सोही बमोजिमको उद्देश्य लिई राष्ट्रिय स्तरको कार्यक्षेत्र बनाई कानूनी रुपमा दर्ता भै क्रियाशील रहेको संघसंस्था वा महासंघ ।

ग) निर्माण उद्योगसँग प्रत्यक्ष रुपमा सम्वन्धित मजदुर संगठन र उत्पादकहरु बाहेकका अन्य सहायक उद्योगहरु जस्तै विद्युत निर्माण व्यवसायी, धातुजन्य निर्माण व्यवसायी, प्लम्बीङ तथा रङ रोगन निर्माण व्यवसायी, ईलेक्ट्रो मेकानिकल निर्माण व्यवसायी लगायतका अन्य निर्माण व्यवसायीहरुले निर्माण उद्योगका लागि सम्वन्धित निकायमा दर्ता गरी उक्त व्यवसाय गर्ने उद्देश्यले संस्थापित फर्म/कम्पनी वा व्यवसायीहरुले सोही उद्देश्य लिई राष्ट्रिय स्तरको कार्यक्षेत्र बनाई कानूनी रुपमा दर्ता भै क्रियाशील रहेको संघसंस्था वा महासंघ ।

(घ) माथि (क) बमोजिम साधारण सदस्यता प्राप्त गर्नको लागि क्षेत्रीय तथा जिल्ला निर्माण व्यवसायी संघहरु विधिवत्रुपमा दर्ता हुनुपर्नेछ । तर यसरी विधिवत् रुपमा दर्ता भैनसकेको अवस्था रहेछ भने क्षेत्रीय संघको हकमा सो क्षेत्र अन्तर्गत रहेका बहुमत जिल्लाका संघहरु र जिल्ला संघको हकमा कम्तिमा एघारजना निर्माण व्यवसायीहरुद्वारा गठित तदर्थ समितिले महासंघको सदस्यता लिन सक्नेछन् । यस्तो तदर्थ समितिले सो तदर्थ समिति बनेको मितिले एक वर्षभित्र अनिवार्य रुपमा संघ दर्ता गरी साधारण सभा बोलाई निर्वाचन गराउनुपर्नेछ, अन्यथा उक्त क्षेत्र वा जिल्लाको महासंघको सदस्यता स्वतः समाप्त हुनेछ ।

(ङ) एउटा जिल्ला वा विकास क्षेत्रमा एउटा निर्माण व्यवसायी संघलाई मात्र महासंघले सदस्यता प्रदान गर्नेछ ।

## ७. सदस्यता प्रदान गर्ने विधि र सदस्यता नवीकरणः

(१) महासंघको साधारण सदस्यता प्राप्त गर्न इच्छुक क्षेत्रीय निर्माण व्यवसायी संघहरुले आफ्नो कार्य समितिले महासंघको सदस्यता लिन गरेको निर्णयको उतार, अद्यावधिक नवीकरण भएको दर्ता प्रमाणपत्रको फोटोकपि र विधान समेत संलग्न गरी महासंघले तोकेको ढांचामा निवेदन दिनुपर्नेछ र सो निवेदन उपर छानवीन गरी योग्य ठहरिएमा कार्य समितिले तोकिए बमोजिमको शुल्क लिई साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) महासंघको साधारण सदस्यता पाउन इच्छुक जिल्ला निर्माण व्यवसायी संघहरुले आफ्नो कार्य समितिले महासंघको सदस्यता लिन गरेको निर्णयको उतार, सम्बन्धित् क्षेत्रीय निर्माण व्यवसायी संघले सदस्यता प्रदान गर्न महासंघलाई गरेको सिफारिस, अद्यावधिक नवीकरण भएको दर्ता प्रमाणपत्रको फोटोकपि र विधान समेत संलग्न गरी महासंघले तोकेको ढाँचामा निवेदन गर्नुपर्नेछ र सो निवेदन उपर छानवीन गरी योग्य ठहरिएमा कार्य समितिले तोकिए बमोजिमको शुल्क लिई सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) महासंघको एशोसिएट सदस्यता प्राप्त गर्न इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीहरुले संचालक समिति वा साझेदारको निर्णयको उतार, अघिल्लो वर्ष नवीकरण भएको इजाजतपत्रको फोटोकपि र कर दर्ता प्रमाणपत्र समेत संलग्न राखी मेनेजिङ्ग डाइरेक्टर वा डाइरेक्टर वा साझेदार वा प्रोप्राइटर आफैंले महासंघले तोकेको ढाँचामा निवेदन गरेमा सो निवेदन उपर छानवीन गरी योग्य ठहरिएमा कार्य समितिले तोकिए बमोजिमको शुल्क लिई एशोसिएट सदस्यता प्रदान गर्न सक्नेछ । एशोसिएट सदस्यताको लागि गर्ने निवेदन साथ आफू सदस्य रहेको महासंघको सदस्य जिल्ला निर्माण व्यवसायी संघले एशोसिएट सदस्यता प्रदान गर्नको लागि महासंघलाई गरेको सिफारिस पेश गर्नु अनिवार्य हुनेछ ।

तर यस अघि कायम रहेका सदस्यको हकमा उपरोक्त व्यवस्था लागू हुनेछैन ।

(४) **सदस्यता नवीकरण** : महासंघका सदस्यहरुले प्रत्येक आर्थिक वर्षको लागि सोही आर्थिक वर्षभित्रमा कार्य समितिले तोकेको शुल्क तिरी आफ्नो सदस्यता नवीकरण गराइसक्नु पर्नेछ । यो म्यादभित्र नवीकरण नगरेमा दोस्रो आर्थिक वर्षभरिको लागि दश प्रतिशत र तेस्रो आर्थिक वर्षभरिको लागि थप बीस प्रतिशत बिलम्ब शुल्क लिई सदस्यता नवीकरण गरिनेछ। लगातार तीन वर्षसम्म सदस्यता नवीकरण नगर्ने सदस्यको सदस्यता स्वतः समाप्त हुनेछ । साधारण सदस्य क्षेत्रीय निर्माण व्यवसायी संघहरुले सम्बन्धित् कार्यालयबाट चालु आ.व.सम्मको लागि नवीकरण गरिएको दर्ता प्रमाणपत्रको फोटोकपि र जिल्ला निर्माण व्यवसायी संघहरुले चालु आ.व.को लागि नवीकरण भएको दर्ता प्रमाणपत्रको फोटोकपिको अतिरिक्त सम्बन्धित् क्षेत्रीय निर्माण व्यवसायी संघको सदस्यता नवीकरण गरेको प्रमाण साथै राखी महासंघको सदस्यता नवीकरण गरिपाउन निवेदन गरेपछि महासंघले यस्तो सदस्यता नवीकरण गरिदिनेछ । एशोसिएट सदस्यको हकमा दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्नेमा चालु आ.व.सम्मको लागि नवीकरण भएको सो प्रमाणपत्रको फोटोकपि, अघिल्लो आ.व.सम्मको लागि नवीकरण भएको इजाजतपत्रको फोटोकपि र कर दर्ताको प्रमाणपत्रको फोटोकपि संलग्न राखी सदस्यता नवीकरणको लागि निवेदन गरेपछि महासंघले यस्तो सदस्यता नवीकरण गरिदिनेछ ।

अन्य कागजातका अतिरिक्त क्षेत्रीय निर्माण व्यवसायी संघ र जिल्ला निर्माण व्यवसायी संघहरुले यस उपदफा बमोजिम सदस्यता नविकरण गर्न आउँदा आफ्ना कार्यसमिति, अन्य समितिहरु तथा साधारण सदस्यहरुको नाम, ठेगाना, फोन नम्वर, प्रोप्राईटर वा मूख्य व्यक्तिको नाम समेत खुल्ने विवरण (संभव भएसम्म कम्प्यूटर सफ्टवेयर समेत) तयार गरि महासंघमा पेश गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम कार्य समितिले एसोसिएट सदस्यहरुको लागि सदस्यता शुल्क र नवीकरण शुल्क तोक्दा सबै वर्गको लागि समान शुल्क लागु हुने गरी तोक्नुपर्नेछ ।

(६) १. विधानमा तोकिए बमोजिम योग्यता पुगेको बस्तुगत संघले सदस्यता लिन चाहेमा आफ्नो विधान, दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र लगायतका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी सहित महासंघले तोकिदिएको ढाँचाको निवेदन , कार्यसमिति वा आफ्नो आधिकारीक समितिको निर्णय सहित महासंघमा निवेदन दिनुपर्नेछ । [८८]

२. यसरी प्राप्त भएको बस्तुगत संघको निवेदन उपर महासंघले छानविन गरी तोकिए बमोजिमको शुल्क लिई सदस्यता प्रदान गर्न र नवीकरण गर्न सक्नेछ तर उपरोक्त बमोजिमको कुनै संघसंस्था वा महासंघ बस्तुगत संघको रुपमा महासंघमा दर्ता भए पश्चात सोही प्रकृतिको अर्को संघसंस्था वा महासंघलाई सदस्यता दिईने छैन । [८८]

३. सदस्यता प्रदान गर्ने अधिकार महासंघ कार्यसमितिलाई मात्र हुनेछ । [८८]

८. **सदस्यता निलम्बन र खारेजी :** देहायको अवस्थामा कार्य समितिले कुनै पनि सदस्यको सदस्यता खारेज गर्न सक्नेछः

(१) साधारण सदस्य एवं बस्तुगत संघ सदस्यहरुले आफ्नो साधारण सभाको निर्णय सहित र एशोसिएट सदस्यहरुको हकमा कम्पनी भए संचालक समितिको निर्णय, फर्म भए प्रोप्राइटरको निर्णय वा साझेदारी फर्म भए साझेदारहरुको निर्णय सहित सदस्यता खारेजीको लागि निवेदन गरेमा । [८]

(२) साधारण सदस्य एवं बस्तुगत संघको दर्ता प्रमाणपत्र र एशोसिएट सदस्यको इजाजतपत्र खारेज भएमा । [८]

(३) महासंघले आफ्ना सदस्यहरुलाई आवश्यकतानुसार निर्देशन दिन र कुनै काम गर्न वा गराउन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु सो सदस्यको कर्तव्य हुनेछ । महासंघको निर्देशनलाई नमान्ने र महासंघको विधान तथा उद्देश्य विपरित हुने कुनै पनि कार्य गर्ने सदस्यबाट महासंघले स्पष्टीकरण माग गरी आवश्यक विवरण लिन सक्नेछ र सोको उल्लंघन गर्ने सदस्यको सदस्यता खारेज गर्नेतर्फ कारवाही चलाउन सक्नेछ । महासंघ र महासंघसँग आबद्ध रहेका सदस्यहरुबाट सदस्यता प्राप्त तत् तत् सदस्यहरुले अर्को यस्तै वा जिल्ला तथा क्षेत्रगत रुपमा स्थापना भएका संस्थाहरुको सदस्यता प्राप्त गरेमा नीजहरुको सदस्यता खारेज गर्न सकिने छ । [८]

(४) उपदफा (३) बमोजिम सदस्यता खारेज गर्ने कारवाही चलाउंदा त्यस्तो सदस्यको सदस्यता निलम्बन गरी कारवाही चलाउनु पर्नेछ ।

(४क) आ-आफ्नो विधान अनुसार नियमित साधारणसभा, निर्वाचन तथा बैठक नगर्ने साधारण सदस्यहरुको सदस्यता कार्यसमितिले निलम्वन गर्न सक्नेछ । तर साधारण सदस्यहरुको काबु बाहिरको असाधारण र असहज विशेष परिस्थिति परी साधारण सभा, निर्वाचन वा बैठक गर्न नसकेकोमा सोको कारण समेत खुलाई क्षेत्रीय संघको हकमा सो संघ आफैले महासंघलाई र जिल्ला संघको हकमा सम्वन्धित् क्षेत्रीय संघ मार्फत् महासंघलाई अनुरोध गरेमा कार्य समितिले यस्तो प्रतिकूल परिस्थितिको आवश्यक मूल्यांकन गरी निलम्वनको कार्य स्थगित गर्न सक्नेछ ।

(५) यस विधान बमोजिमको आचार संहिता उलंघन गर्ने कुनै सदस्य तथा जिल्ला निर्माण व्यवसायी संघका साधारण सदस्यहरुलाई महासंघ आफैले वा निज आबद्ध संघ मार्फत स्पष्टिकरण लिने, निलम्वन गर्ने तथा सदस्यता खारेजीको निर्णय गर्न गराउन सक्नेछ । महासंघको निर्णय तथा निर्देशन सम्वन्धित संघहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(६) कुनै सदस्यको सदस्यता खारेज गर्ने सम्बन्धमा निर्णय गर्नु पूर्व त्यस्तो सदस्यलाई आफ्नो सफाई दिने मौका प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद - ४
## कार्य समिति, साधारण सभा र राष्ट्रिय सम्मेलन

९. **साधारणसभा :**

(१) साधारण सभा महासंघको सर्वोच्च अंग हुनेछ । महासंघ साधारणसभामा यस विधान बमोजिम महासंघका एशोसिएट सदस्यहरुबाट निर्वाचित भई आउने प्रतिनिधिहरु, क्षेत्रीय निर्माण व्यवसायी संघहरुबाट चयन भई आउने प्रतिनिधिहरु, जिल्ला निर्माण व्यवसायी संघबाट चयन भई आउने प्रतिनिधिहरु र बस्तुगत संघहरुबाट चयन भई आउने महासंघ प्रतिनिधिहरुको संयुक्त स्वरुप महासंघ साधारण सभा हुनेछ । [८]

(२) जिल्ला निर्माण व्यवसायी संघहरुमा कायम रहेका साधारण सदस्यहरुका आधारमा साधारण सभा प्रतिनिधि चयन भै आउनेछन् । पचास जना सम्मबाट तीन प्रतिनिधिहरु, एकाउन्न देखि हरेक पचास सदस्य संख्यामा थप एक जनाका दरले साधारण सभा प्रतिनिधिहरु चयन भई आउनेछन् । यस दफा बमोजिम साधारणसभा प्रतिनिधि चयन गरी पठाउँदा, क्षेत्रीय संघ र जिल्ला संघहरुले विधान बमोजिमको संख्यामा क्षेत्रीय र जिल्ला संघको हकमा कार्यसमितिको निर्णयले वा सम्वन्धित क्षेत्र र जिल्ला संघको विधान बमोजिम पदेन साधारणसभा प्रतिनिधि बाहेक चयन गरी साधारणसभा प्रतिनिधि पठाउनु पर्नेछ ।

एशोसिएट तर्फबाट चयन हुने प्रतिनिधि एशोसिएट सदस्यहरुले आँफुहरु मध्येबाट निर्वाचित गर्नेछन् । बस्तुगत संघहरुले आफ्नो कार्यसमितिबाट एक जना साधारणसभा प्रतिनिधि चयन गरी पठाउनु पर्नेछ । [८]

(३) क्षेत्रीय निर्माण व्यवसायी संघहरुले आफ्नो सदस्य प्रतिनिधिहरु मध्येबाट आफ्नो कार्यसमितिको निर्णय अनुसार छ जना साधारणसभा प्रतिनिधिहरु पठाउनु पर्नेछ । यस्तो प्रतिनिधि कम्तीमा पाँच बर्ष अघि इजाजत पत्र प्राप्त निर्माण व्यवसायी फर्म कम्पनीको प्रतिनिधि हुनुपर्नेछ । क्षेत्रीय र जिल्ला संघको अध्यक्ष र एशोसिएट सदस्य समन्वय समितिको संयोजक पदेन साधारणसभा प्रतिनिधि हुनेछ । [८]

(४) ( खारेज )

(५) एशोसिएट सदस्यहरुमध्येबाट ३५ (पैंत्तीस) जना साधारण सभा प्रतिनिधि हुनेछन् ।

(६) एशोसिएट सदस्यतर्फको महासंघ साधारण सभा प्रतिनिधिहरुको निर्वाचन हरेक कार्य समितिको निर्वाचन हुने साधारण सभा अघि यस विधान बमोजिम साधारणसभा हुने मिति भन्दा सात दिन अगावै साधारणसभा प्रतिनिधिहरुको नामावली महासंघमा उपलब्ध हुनसक्ने गरी गरिनेछ ।[८]

(६क) एशोसिएट सदस्यतर्फको साधारण सभा प्रतिनिधिको मृत्यु भएमा वा राजीनामा दिई महासंघको कार्य समितिबाट स्वीकृत भएमा वा निजमा सम्वन्धित फर्म कम्पनीको स्वामित्व नरहेमा वा कुनै पनि शारीरिक वा मानसिक अशक्तताका कारण निज कार्य सम्पादन गर्न असमर्थ भएको कुरा महासंघको कार्य समितिले ठहर गरेमा वा महासंघको एशोसिएट सदस्यता समाप्त भएमा निजको स्थान रिक्त हुनेछ । यसरी स्थान रिक्त भएमा कार्य समितिले मनोनित गरी पदपूर्ति गरिनेछ ।

(७) साधारणसभामा प्रतिनिधिहरु पठाउँदा एकजना प्रतिनिधिलाई मुख्य प्रतिनिधि नियुक्त गरी पठाउनु पर्नेछ ।

(८) साधारण सभा प्रतिनिधिलाई कार्य समितिको निर्वाचनमा विधान बमोजिम योग्यता पुगेको अवस्थामा उम्मेदवार बन्न कुनै बाधा पर्ने छैन ।

(९) माथि उपदफाहरुमा जेसुकै लेखिएको भएतापनि महासंघको स्वीकृति लिई पर्यवेक्षकको रुपमा साधारण सभामा भाग लिनको लागि प्रतिनिधि पठाउन यस दफाले कुनै बाधा पार्ने छैन । तर साधारण सभाको बन्द सत्रमा पर्यवेक्षकको स्थान मुख्य प्रतिनिधि वा प्रतिनिधिको भन्दा अलग्गै हुनेछ ।

(१०) महासंघको साधारण सभा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्पन्न हुने गरी वर्षको एक पटक हुनेछ ।

(११) कार्य समितिले आवश्यक ठानेमा जुनसुकै बेला पनि विशेष साधारण सभा बोलाउन सक्नेछ । साधारण सभाका कम्तिमा पच्चीस प्रतिशत सदस्यहरुले विशेष साधारण सभा बोलाउन कार्य समिति समक्ष लिखित अनुरोध गरेमा सो मितिले बढीमा एक महिनाभित्र कार्य समितिले विशेष साधारण सभा बोलाउनु पर्नेछ । विशेष साधारण सभामा जुन विषयमा निर्णय गर्नको लागि बोलाइएको हो सो बाहेक अन्य विषयमा निर्णय गर्न पाइनेछैन ।

(१२) महासंघको वार्षिक साधारण सभा हुने मितिभन्दा कम्तिमा पैंतीस दिन अगाडि नै सोको सूचना सदस्यहरुलाई दिनुपर्नेछ । तर गणपूरक संख्याको अभावमा साधारण सभा हुन नसकेमा पुनः पन्ध्र दिनको सूचना दिई सभा बोलाउन सकिनेछ ।

(१३) विशेष साधारण सभाको सूचना दिंदा सभामा छलफल गर्नुपर्ने विषय खुलाई सो सभा हुने मितिभन्दा कम्तिमा सात दिन अगावै सदस्यहरुलाई सूचना दिनुपर्नेछ ।

(१४) सदस्यहरुलाई साधारण सभाको सूचना दिंदा पत्राचारका अतिरिक्त आवश्यकतानुसार राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गरी वा रेडियो, टेलिभिजन आदिबाट सूचना प्रशारण गराएर दिन सकिनेछ ।

(१५) साधारण सभाको गणपूरक संख्या मतदान गर्न पाउने मतसंख्याको एकाउन्न प्रतिशत हुनेछ । तर दोश्रो पटक बोलाउँदा भने पच्चीस प्रतिशत हुनेछ ।

(१६) महासंघको कार्यसमितिको नयाँ निर्वाचनका लागि डाकिएको साधारणसभा भन्दा सात दिन अगावै सबै एशोसिएट सदस्य, क्षेत्रीय संघ र जिल्ला संघहरुले महासंघ साधारणसभा प्रतिनिधि चयन गरि महासंघमा प्राप्त भैसक्नुपर्नेछ । प्राकृतिक व्यक्ति एक स्थानबाट मात्र महासंघ प्रतिनिधि हुन पाउनेछ । [८]

(१७) साधारण सभा प्रतिनिधि चयन गर्दा ५ जना वा सो भन्दा बढी साधारणसभा प्रतिनिधि चयन गरी पठाउन पाउने अधिकार भएका एशोसिएट, क्षेत्रीय संघ र जिल्ला संघहरुले महिला निर्माण व्यवसायी सदस्य भएमा कम्तीमा एक जना योग्य महिला सदस्यलाई साधारणसभा प्रतिनिधिमा निर्वाचित गरी पठाउनु पर्नेछ । [८८]

(१८) निर्माण व्यवसाय ईजाजत पत्र प्राप्त गरेको पाँच बर्ष पूरा भएको, महासंघ वा अन्तरगतका सदस्य संघहरुको सदस्यता लिएको कम्तिमा पाँच आर्थिक वर्ष पूरा भएको फर्म/कम्पनीमा अविछिन्न पाँच बर्ष पूरा गरेको प्राकृतिक व्यक्तिले मात्र साधारणसभा प्रतिनिधिको उम्मेदवार बन्न पाउनेछ । [८८]

(१९) महासंघ साधारणसभा प्रतिनिधिहरुको नामावली पठाउँदा सम्वन्धित संघको माईन्यूट सहित महासंघ कार्यसमितिको निर्वाचन हुने साधारणसभा मिति भन्दा सात दिन अगावै प्रत्येक साधारणसभा प्रतिनिधिको योग्यता खुल्ने कागजात समेत अनिवार्य संलग्न गरी पठाउनु पर्नेछ । [८८]

(२०) महासंघले साधारणसभा हुने मिति र स्थान सहितको सूचना प्रकाशित गरे पश्चात सदस्य संघहरुले सो साधारणसभा सम्पन्न नहुञ्जेल सम्म नयाँ सदस्यता प्रदान गर्न पाईनेछैन । [८८]

(२१) कार्यसमितिले तोकेको अवधिभित्र सदस्यता नवीकरण नगर्ने सदस्यहरुको प्रतिनिधिले साधारणसभामा भाग लिन पाउनेछैन । [८८]

## १०. साधारण सभाको काम, कर्तव्य र अधिकार :

(क) साधारणसभाको उद्घाटन शत्र, कार्यसमितिको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन पारित, विधान संशोधन तथा विशेष प्रस्ताव पारित शत्र तथा निर्वाचन शत्रको रुपमा कार्यसमितिले विभाजन गरे अनुसार साधारणसभा संचालन गरिनेछ ।

(ख) साधारणसभालाई व्यवस्थित गर्नका लागि आचार संहिता लगायतका आदेशहरु जारी गर्ने ।

(ग) महासंघको कार्य समितिद्वारा प्रस्तुत आयव्यय हिसाबको लेखापरीक्षकको प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने ।

(घ) कार्य समितिद्वारा प्रस्तुत आगामी वर्षको बजेटमाथि छलफल गरी निर्णय गर्ने ।

(ङ) महासंघको लेखापरीक्षण गर्न प्रत्येक वर्ष लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(च) कार्य समितिद्वारा प्रस्तुत प्रतिवेदन स्वीकृति एवं अनुमोदन गर्ने ।

(छ) महासंघको उद्देश्य पूर्तिको निमित्त कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ज) महासंघको विधानमा संशोधन गर्ने ।

(झ) आवश्यक परेमा साधारण सभाले विधान संशोधन गर्ने र अविश्वास प्रस्ताव पारित गर्ने बाहेक अरु विषयमा कार्य समिति वा अन्य कुनै विशेष समिति गठन गरी सो समितिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ञ) कार्य समितिका सबै वा कुनै पदाधिकारी वा सदस्यलाई सचेत गर्ने गराउने ।

(ट) कार्य समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गर्ने ।

(ठ) कार्य समितिका पदाधिकारी एवं सदस्यहरूको विरुद्ध अविश्वासको प्रस्ताव पेश भएमा सोमाथि निर्णय गर्ने ।

(ड) प्रस्तावका रुपमा पेश हुन आएका र सदस्यहरुबाट पेश हुन आएका प्रस्तावहरुका विषयहरुमा आवश्यक निर्णय गर्ने ।

## ११. कार्यसमितिको गठन विधि :

(१)[८] महासंघको नियमित कार्य संचालन गर्नका लागि पदेन पदहरु र मनोनित हुने बाहेकका पदहरुमा दफा (९) बमोजिमका साधारणसभा प्रतिनिधिहरुबाट गोप्य निर्वाचन प्रकृयाद्वारा देहाय बमोजिमको कार्य समिति गठन गरिने छ । कार्य समितिको पदावधि तीन बर्षको हुनेछ तर विधानको दफा २५ (च) बमोजिमको विशेष परिस्थिती श्रृजना भएमा कार्यसमितिले बढीमा छ महिना सम्म कार्यकाल थप गर्न सक्नेछ ।

क) अध्यक्ष - १ जना ।
ख) निवर्तमान अध्यक्ष (पदेन ) - १ जना ।

| | |
|---|---|
| ग) वरिष्ठ उपाध्यक्ष | - १ जना । |
| घ) पाँच विकास क्षेत्रहरु प्रत्येकबाट १-१ जना र एशोसिएट तर्फबाट एक जना समेत उपाध्यक्षहरु | - ६ जना । |
| ङ) महासचिव | - १ जना । |
| च) उप महासचिव (नीतिगत कार्यभार ) | - १ जना । |
| छ) उप महासचिव ( आन्तरिक कार्यभार) | - १ जना । |
| ज) कोषाध्यक्ष | - १ जना । |
| झ) सह- कोषाध्यक्ष | - १ जना । |
| ञ) सदस्यहरु (खुल्ला निर्वाचन मार्फत) | - ५ जना । |
| ट) सदस्य एशोसिएट प्रतिनिधिहरुबाट | - ४ जना । |
| ठ) सदस्यहरु प्रत्येक अञ्चलबाट १-१ जना गरी १४ अञ्चलबाट | - १४ जना । |
| ड) सदस्यहरु महिला निर्माण व्यवसायीहरु मध्येबाट | - ३ जना । |
| ढ) सदस्य (राज्यले निर्धारण गरे बमोजिम तराई मधेश क्षेत्रबाट) | - १ जना । |
| ण) सदस्य (राज्यले निर्धारण गरे बमोजिम जनजातीबाट) | - १ जना । |
| त) सदस्य ( राज्यले निर्धारण गरे बमोजिम पिछडिएको क्षेत्रबाट) | - १ जना । |
| त) सदस्य बस्तुगत संघ मध्येबाट | - १ जना । |
| थ) पदेन सदस्यहरु क्षेत्रीय निर्माण व्यवसायी संघका अध्यक्षहरु | - ५ जना । |
| द) पदेन सदस्य इफाप्का बोर्ड मेम्वर | - १ जना । |
| ध) अध्यक्षद्वारा मनोनित हुने सदस्य | - ५ जना । |
| **जम्मा** | **- ५५ जना** |

(२) अध्यक्षद्वारा मनोनित गर्दा महासंघ साधारणसभा प्रतिनिधिमध्येबाट कम्तिमा पाँच वर्षअघि इजाजतपत्र प्राप्त निर्माण व्यवसायी फर्म/कम्पनीको प्रतिनिधि हुनुपर्नेछ । इफाका एक्जिक्युटिभ बोर्डमा रहने प्रतिनिधि कार्य समितिको अन्य कुनै पदमा निर्वाचित भएको अवस्थामा निजको सट्टा अर्को एकजना सदस्य अध्यक्षले मनोनित गर्नेछ ।[८]

(३) क्षेत्रीय तथा जिल्ला संघको तर्फबाट साधारण सभा प्रतिनिधि भई आएको व्यक्ति कार्य समितिको कुनै पनि पदमा निर्वाचित भएमा निजको कार्यकालभर निज सो संघको तर्फबाट साधारणसभा प्रतिनिधि रहनेछ, परिवर्तन गर्न पाईने छैन ।[८]

(४) कार्य समितिका पदाधिकारी वा सदस्यको मृत्यु भई वा निजको लिखित राजीनामा कार्य समितिबाट स्वीकृत भई वा अविश्वासको प्रस्तावद्वारा निजलाई हटाउने निर्णय भई वा यस्तै अन्य कुनै कारणबाट निजको पद रिक्त हुन गएमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उप-महासचिव (नीतीगत) र कोषाध्यक्षको पदमा क्रमशः वरिष्ठ उपाध्यक्ष, महासंघ कार्यसमितिले तोके बमोजिमका वरिष्ठतम् उपाध्यक्षहरु क्रमशः, उप-महासचिव (नीतिगत), उप-महासचिव (आन्तरिक), र सह-कोषाध्यक्ष बाँकी अवधिभरको लागि स्वतः कायम हुनेछ । अन्य पदको हकमा अध्यक्षले सो पदमा बाँकी समयावधिको लागि अन्य योग्य व्यक्तिलाई मनोनित गर्नेछ। स्वतः कायम भएका पदाधिकारीको समेत पद रिक्त भएमा समितिले आफू मध्ये बाट सो पद पूर्ति गर्नेछ । यसै गरी स्वास्थ्यको कारणले बाहेक अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उपमहासचिवहरु वा कोषाध्यक्ष पूर्णकालीन समय दिनुपर्ने राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको कुनै पदमा छ महिनाभन्दा बढी अवधिसम्मको लागि नियुक्त वा निर्वाचित भएमा निजले महासंघमा आफ्नो पदबाट राजीनामा दिनुपर्नेछ यदि राजिनामा नदिएमा सो स्थान स्वतः रिक्त भएको मानिनेछ ।[८]

(५) निवर्तमान अध्यक्ष लगायत पदेन तथा मनोनित सदस्यहरुको अन्य पदाधिकारी सरह मताधिकार हुनेछ ।

(६) (आठौं संशोधनबाट खारेज गरिएको)[८८८]

(७) कार्य समितिको बैठक कार्यसमितिले तोके बमोजिम कुनैपनि क्षेत्र वा जिल्लामा पनि बस्न सक्नेछ ।

(८) प्रत्येक बस्तुगत संघ, एशोसिएट, विकास क्षेत्र र अञ्चलबाट प्रतिनिधित्व गर्ने उपाध्यक्ष र सदस्य पदमा तत् तत् बमोजिमका संघ, एशोसिएट सदस्य, विकास क्षेत्र र अञ्चल भित्रका साधारणसभा प्रतिनिधिहरु मध्येबाट मात्र उम्मेद्वारी दिनुपर्नेछ । उपरोक्त बमोजिमका पदहरुमा निर्वाचन गर्दा सम्पूर्ण साधारण सभा प्रतिनिधीहरुले मतदान गर्नु पर्नेछ ।[८८]

(९) महासंघ कार्यसमितिको निर्वाचन, सपथ ग्रहण, पदस्थापन सम्पन्न भए पश्चात हुने कार्यसमितिको पहिलो बैठकले निर्वाचित भै आएका उपाध्यक्षहरुको महासंघ विधानको अनुसूची ५ बमोजिमको मर्यादाक्रम समेतलाई मध्येनजर गरी बरिष्ठताक्रम तोक्नु पर्नेछ ।[८८]

(१०) महासंघमा एकजना प्रवक्ता रहनेछन । यस विधानबमोजिम गठन हुने प्रचार प्रसार समितिका संयोजक नै महासंघका प्रवक्ता हुनेछन् ।[८८]

(११) महासंघ कार्यसमिति नवनिर्वाचित भएपश्चात पदस्थापन र बरबुझारथको कार्य निर्वाचन कार्य समाप्त भएको मितिले सात दिन भित्र सम्पन्न गर्नुपर्नेछ ।[८८]

## १२. कार्य समितिको बैठक :

**(क)** कार्य समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक अनिवार्य रुपले बस्नेछ । तर आवश्यक परेमा जति पटक पनि बोलाउन सकिनेछ । बैठक बोलाउँदा कम्तिमा सात दिन अगावै सूचना दिनुपर्नेछ ।[८]

**(ख)** **गणपूरक संख्या:** कार्य समितिको गणपुरक संख्या मौजुदा पदाधिकारी तथा सदस्यहरुको संख्याको एकाउन्न प्रतिशत हुनेछ । अध्यक्षको उपस्थितिमा निजले, निज उपस्थित नभएमा वरिष्ठ उपाध्यक्षले र निज पनि उपस्थित नभएमा क्रमसः वरिष्ठतम् उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । प्रथम पटक कार्य समितिको वैठकमा गणपूरक संख्या नपुगी वैठक बस्न नसकेको खण्डमा दोस्रो पटक एक तिहाई पदाधिकारी तथा सदस्यहरु उपस्थित भएको खण्डमा पनि गणपूरक संख्या पुगेको मानिनेछ । बैठकमा कम्तिमा पनि अध्यक्ष वा उपाध्यक्षहरुमध्ये एकजना र महासचिव वा उप महासचिवहरुमध्ये एकजनाको उपस्थिति अनिवार्य हुनेछ ।[८]

**(ग)** कार्य समितिको कुनै पनि पदाधिकारी वा सदस्य लिखित सूचना बिना लगातार तीन पटक वा लिखित सूचना दिएर पनि लगातार पाँच पटक सम्म बैठकमा अनुपस्थित रहेमा निजलाई कार्यसमितिको दुई तिहाई बहुमतबाट निर्णय गरी पदमुक्त गराउन सकिनेछ । तर यस्तो निर्णय गर्नुपूर्व निजलाई सफाईको पर्याप्त मौका दिनुपर्नेछ ।

**१३. सपथ ग्रहण :** कार्य समितिका नवनिर्वाचित अध्यक्षले मुख्य निर्वाचन अधिकृत समक्ष र अन्य पदाधिकारी एवं सदस्यहरूले अध्यक्ष समक्ष आफ्नो कार्यभार सम्हाल्नुभन्दा पहिले अनुसूची १ को व्यहोराको आफ्नो पदको सपथ ग्रहण गर्नुपर्नेछ ।

## १४. कार्यसमितिको काम, कर्तव्य र अधिकार :

**(क)** विधानमा उल्लेखित उद्देश्य अनुरुपको कार्यहरू गर्ने ।

**(ख)** महासंघको आय व्ययको हिसाब राखी लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन तथा वार्षिक बजेट साधारण सभामा अनुमोदनको लागि प्रस्तुत गर्ने ।

**(ख१)** महासंघको दैनिक कार्य संचालन गर्न महासंघको कर्मचारी नियमावली अनुसार कर्मचारीहरूको दरबन्दी सृजना गर्ने, कर्मचारीहरूको पारिश्रमिक तोक्ने र नियुक्ति गर्ने, पदोन्नति गर्ने, पुरस्कार वा थप ग्रेड रोक्का गर्ने, रेखदेख गर्ने, अनुशासनको कार्यवाही गर्ने, नसिहत दिने, सेवा समाप्त गर्ने आदि ।

**(ग)** महासंघको क्रियाकलापको वार्षिक प्रतिवेदन तयार गरी स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।

**(घ)** कर्मचारीहरूको सेवा सम्बन्धी नियमावली, निर्वाचन नियमावली अन्य आवश्यक नियमहरू बनाई लागू गर्ने ।

**(ङ)** महासंघको सदस्य संख्यामा वृद्धि गर्ने, महासंघको उद्देश्य पुर्तिको निमित्त विभिन्न कार्यक्रमहरू आयोजना गर्ने ।

**(च)** महासंघको मुखपत्र, स्मारिका एवं अन्य पत्रपत्रिका नियमित रुपमा प्रकाशित गर्ने ।

**(छ)** महासंघको सदस्यताको निमित्त प्रवेश शुल्क, सदस्यता शुल्क, वार्षिक शुल्क, विलम्व शुल्क, जरिवाना, सेवा शुल्क आदि तोक्ने ।

**(ज)** महासंघको आयस्रोतमा बृद्धि गर्न विभिन्न कार्यक्रमहरू आयोजना वा संचालन गर्ने ।

**(झ)** कुनै विशेष कार्य सम्पादन गर्न गराउनका लागि आवश्यकतानुसार विशेष समिति वा विशेष कार्यदल गठन गर्ने ।

(ञ) समय समयमा निर्माण व्यवसायीहरूलाई परेको समस्या निराकरण गर्न छलफल कार्यक्रम, गोष्ठी, सेमिनार, सम्मेलन, आदि आयोजना गर्ने ।

(ट) सबै सदस्य क्षेत्रीय तथा जिल्ला निर्माण व्यवसायी संघहरुको विधान, नियम तथा कार्य संचालन प्रक्रियालाई यथासम्भव समान तुल्याई पारस्परिक समन्वयको कार्यलाई सहज र प्रभावकारी तुल्याउनका लागि निर्देशन दिनुका साथै अन्य आवश्यक कार्य गर्ने गराउने ।

(ठ) कार्य समितिले आफ्नो अधिकार कुनै पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ड) विधान बमोजिम सदस्यता प्रदान गर्ने, सचेत गराउने, सदस्यता निलम्बन वा खारेजी गर्ने ।

(ढ) महासंघका सदस्यहरुका समस्या समाधान गर्ने, सदस्यहरुबीच उत्पन्न विवाद निरोपणका साथै आपसी सद्भावना र सहयोग अभिबृद्धि गर्ने गराउने ।

(ण) (आठौं संशोधनबाट खारेज गरिएको) [८८८]

(त) आवश्यकतानुसार विशेष आमन्त्रित वा विशेषज्ञ नियुक्त गर्ने ।

(थ) आवश्यक र उपयुक्त राष्ट्रिय वा अन्तराष्ट्रिय संघ, संस्था तथा संगठनहरुको सदस्य बन्ने वा नबन्ने निर्णय गर्ने ।

(द) नयाँ सदस्यता दिने । [८८]

(ध) विधानको अनुसूची ५ बमोजिम तोकिएको मर्यादाक्रम अनुसार उपाध्यक्षहरुको वरिष्ठताक्रम तोक्ने । [८८]

## १४क सल्लाहकार सम्वन्धी व्यवस्थाः

(१) कार्य समितिले आफूलाई आवश्यक परेका बखत सल्लाह तथा सुझाव प्राप्त गर्न योग्य पूर्व पदाधिकारीहरु, सदस्यहरु, सल्लाहकारहरु तथा अन्य वरीष्ठ निर्माण व्यवसायीहरु मध्येबाट बढीमा एघार जना सम्म सल्लाहकार नियुक्त गर्न सक्नेछ । [८]

(२) सल्लाहकारले कार्य समिति तथा अन्य बैठकमा उपस्थित भई आफ्नो राय सुझाव प्रस्तुत गर्न सक्नेछन् तर निजको मताधिकार हुनेछैन ।

(३) सल्लाहकारको मर्यादाक्रम कार्य समितिका पदाधिकारीको भन्दा माथि हुनेछ ।

## १५. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :

### (१) अध्यक्षको काम कर्तव्य र अधिकार[८] :

(क) महासंघको कार्य समिति र साधारण सभाको बैठक बोलाउन लगाउने र उक्त बैठकहरुको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षले अध्यक्षता गर्ने बैठकमा कुनै विषयमा छलफल गर्दा मतदानमा मत बराबर भएमा निर्णायक मत दिने ।

(ग) बैठकमा अनुशासन कायम गर्ने ।

(घ) महासंघको तर्फबाट जाने प्रतिनिधिमण्डल (डेलिगेशन) को नेतृत्व गर्ने ।

(ङ) नेपाल सरकार, संस्थानहरू, अन्तर्राष्ट्रिय संस्था, राष्ट्रिय संघ संस्थाहरू लगायतमा महासंघको प्रतिनिधित्व गर्ने, गराउने । साथै उल्लेखित निकायहरुमा कुनैपनि विषयमा वार्ता गर्नुपर्ने अवस्थामा प्रतिनिधित्व गर्ने गराउने ।

(च) महासंघको सम्पत्तिको संरक्षण, रेखदेख एवं नियन्त्रण गर्ने गराउने ।

(छ) कुनै पदाधिकारी वा सदस्यलाई महासंघको कुनै काम गराउन निर्देशन दिने, काम र जिम्मेवारी बाँडफाँड गर्ने ।

(ज) विधानको दफा ११ बमोजिम कार्य समितिका रिक्त सदस्यको पदमा मनोनित गर्ने ।

(झ) महासंघको कर्मचारी नियमावलीमा उल्लेख भए बमोजिम कर्मचारीहरू नियुक्त गर्ने, सस्पेण्ड गर्ने ( निलम्बन गर्ने) खारेज गर्ने सम्बन्धमा अख्तियारी प्रयोग गर्ने ।

(ञ) महासंघको नाममा खोलिएको बैंक खाता सञ्चालन गर्ने ।

(ट) विधानको दफा ११ (१) बमोजिम अध्यक्षद्वारा मनोनित हुने भनी तोकिएका सदस्यहरु मनोनित गर्ने ।

(ठ) आँफु विदेश जानुपर्ने भएमा वा देश भित्रै भए पनि लामो समय महासंघमा अनुपस्थित हुने अवस्थामा विधान बमोजिम तोकिएको वरिष्ठ पदाधिकारीलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिने । तर महासंघकै प्रतिनिधित्व गरी स्वदेशमा हुने सभा, समारोह, गोष्ठी, सेमिनारहरु ईत्यादीमा सहभागि भएको अवस्थामा कार्यवाहकको जिम्मेवारी दिनुपर्ने छैन् ।

(ड) महासंघको आर्थिक नियमावली बमोजिम तोकिएको रकम खर्च गर्ने ।

(ढ) महासंघको विधान, नियमावलीहरु, महासंघको निर्णय लगायत पालना गर्ने गराउने ।

**(२) वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार[८] :-**

(क) महासंघको बैठक हुने समयमा कुनै पनि कारणले अध्यक्ष उपस्थित नभएमा वा अध्यक्षको पद रिक्त हुन गएमा अध्यक्षले गर्नु पर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) अध्यक्ष र कार्यसमितिले दिएको निर्देशन एवं जिम्मेवारी बहन गर्ने ।

(ग) वरिष्ठ उपाध्यक्षले महासंघको आर्थिक कृयाकलाप, महासंघ सचिवालय, महासंघको दैनिक कृयाकलाप, कर्मचारी व्यवस्थापन समेतमा निरिक्षण र अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(घ) महासंघका अध्यक्ष देश बाहिर जाँदा वा देश भित्र रहेतापनि कार्य व्यस्तताका कारणले कार्यबाहक अध्यक्ष भई कार्य संचालन गर्न लिखित अख्तियारी दिएमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने ।

**(२क) उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार[८८]:-**

(१) महासंघ अध्यक्ष र वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा महासंघ कार्यसमितिले विधानको अनुसूची ५ बमोजिम तोकिदिएको वरिष्ठताक्रम अनुसार अध्यक्षद्वारा लिखित रुपमा का.वा. अध्यक्ष तोकिएको अवस्थामा निजहरुले गर्ने कार्यहरु गर्ने गराउने ।

(२) प्रत्येक क्षेत्रगत प्रतिनिधित्व गर्ने उपाध्यक्षले आफ्नो विकास क्षेत्र भित्रका क्षेत्रीय संघ, जिल्ला संघहरुको अनुगमन निरिक्षण गर्ने र आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) आफ्नो क्षेत्र अन्तरगत आएका समस्याहरु समाधान गर्नेछ वा महासंघमा शिफारिस सहित पेश गर्नेछ ।

(४) आफ्नो क्षेत्रको क्षेत्रीय संघहरु सित समन्वय गरि कार्य गर्नु पर्नेछ ।

(५) एशोसिएट तर्फका उपाध्यक्षले एशोसिएट समन्वय समितिसँग समन्वय गरी एशोसिएट तर्फका सदस्यहरुको समस्या समाधानार्थ प्रयासरत रहने छ । एशोसिएट सदस्यहरुको उन्नती र विकासका लागि आवश्यक कार्य गर्नेछ ।

(६) जिल्ला, क्षेत्र, एशोसिएट र बस्तुगत संघहरु बीचको आन्तरिक सम्वन्ध, परस्पर भातृत्व विकासका लागि सदा प्रयत्नशिल रहनेछ ।

(७) उपरोक्त कार्य जिम्मेवारीहरुका साथै उपाध्यक्षहरुले महासंघ कार्यसमितिले तोके बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछ । साथै महासंघको राष्ट्रिय उपाध्यक्षको रुपमा समेत भूमिका निर्वाह गर्नुपर्नेछ ।

**(३) महासचिवको काम कर्तव्य र अधिकार :**

(क) कार्य समिति वा साधारण सभा एवं अन्य बैठकहरू अध्यक्षसँग सल्लाह गरी बोलाउने ।

(ख) साधारण सभामा महासंघको प्रगति विवरण एवं प्रतिवेदनहरू प्रस्तुत गर्ने ।

(ग) महासंघको तर्फबाट गरिने पत्र व्यवहार, डकुमेन्ट, प्रमाण-पत्र, सिफारिश एवं अन्य कागजातमा महासंघको तर्फबाट सही गर्ने ।

(घ) महासंघको नाममा खोलिएको बैंक खाता सञ्चालन गर्ने, भौचर पास गर्ने ।

(ङ) महासंघको कार्यालयलाई व्यवस्थित गर्ने, आन्तरिक प्रशासन सञ्चालन गर्ने ।

(च) महासंघको कर्मचारी नियमावलीमा उल्लेख भएअनुसार कर्मचारीहरूको नियुक्ति रेखदेख आदि सम्बन्धी काम गर्ने ।

(छ) महासंघको बैठकहरूको निर्णय पुस्तिका राख्ने, अन्य कुराहरूको अभिलेख राख्ने, सम्पूर्ण कागजातहरू सुरक्षित राख्ने र निर्णयहरू कार्यान्वयन गर्ने, अनुगमन गर्ने गराउने आदि ।

(ज) महासंघको कार्य प्रगति कार्य समितिमा पेश गर्ने ।

(झ) स्वीकृत कार्यक्रम तथा बजेट अनुसार महासंघको कार्यक्रम संचालन गर्ने ।

(ञ) महासंघको सम्पत्तिको संरक्षण, रेखदेख एवं नियन्त्रण गर्ने ।

(ट) विधानको अधिनमा रही साधारण सभा र कार्य समितिले निर्देशन गरेको काम गर्ने ।

(४) **उप महासचिव (नीतिगत) को काम कर्तव्य र अधिकार :**

(क) महासचिवलाई सहयोग गर्ने ।

(ख) महासचिवले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने ।

(ग) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सबै कार्यहरू गर्ने ।

(घ) साधारणसभामा महासंघको तर्फबाट नीतिगत विषयको प्रगती एवं प्रतिवेदनहरु प्रस्तुत गर्न तयार गर्ने ।

(ङ) महासंघको तर्फबाट नीतिगत विषयमा गरिने पत्र व्यवहार, डकुमेण्ट, प्रमाणपत्र, शिफारिस तथा अन्य नीतिगत कागजात तयार गर्ने ।

(च) कार्य समितिमा पेश गर्न महासंघको नीतिगत कार्य प्रगती तयार गर्ने ।

(छ) निर्माण व्यवसायसँग सम्वन्धित ऐन, नियम, परिपत्र, नीति, विनियम तथा निर्माण व्यवसायमा प्रयोग भएका संझौताहरु बारे निरन्तर छलफल बहस चलाउने । संशोधन परिमार्जन गर्नुपर्नेमा आवश्यक कार्यहरु अगाडी बढाउने विषयमा महासचिवलाई सहयोग गर्ने ।

(ज) विधान संशोधन लगायतका क्षेत्रीय संघ र जिल्ला संघका विधान आदी बारे नीतिगत रुपमा मुल्याङ्कन गरि एकरुपता ल्याउन महासचिवलाई सहयोग गर्ने ।

(झ) क्षेत्रीय र जिल्ला संघका कृयाकलापहरु विधान अनुरुप छन् छैनन् निरन्तर अनुगमन गर्ने कार्यमा महासचिवलाई सहयोग गर्ने ।

(ञ) प्रत्येक क्षेत्रीय संघ र जिल्ला संघका कार्य समिति लगायतका समितिहरु र साधारण सदस्यहरुको रेकर्ड महासंघमा अध्यावधिक गर्ने गराउने ।

(ट) उप महासचिव (आन्तरिक) को अनुपस्थितीमा निजले गर्ने कार्यहरु गर्ने ।

(ठ) विधानको अधिनमा रही सधारणसभा तथा कार्यसमितिले निर्देशन गरेको कार्यहरु गर्ने ।

४(१). **उप महासचिव (आन्तरिक) को काम कर्तव्य र अधिकारः**

(क) महासचिवलाई सहयोग गर्ने ।

(ख) महासचिवले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने ।

(ग) महासचिव र उप महासचिव (नितीगत) को अनुपस्थितिमा महासचिवले गर्ने सबै कार्यहरू गर्ने ।

(घ) कार्यसमिति वा साधारणसभा एवं अन्य बैठकहरु महासचिवको निर्देशनमा बोलाउन पत्र तयार गर्ने ।

(ङ) साधारणसभामा महासंघको आन्तरिक प्रगति विवरण एवं प्रतिवेदनहरु प्रस्तुत गर्न तयार गर्ने ।

(च) महासंघको तर्फबाट आन्तरिक रुपमा लेखिने चिठीपत्र पत्राचारहरु तयार गर्ने ।

(छ) महासंघको नाममा खोलिएको बैंक खाता संचालन गर्न, भौचर पास गर्न महासचिवलाई सहयोग गर्ने ।

(ज) महासंघको कार्यालयलाई व्यवस्थित गर्न, आन्तरिक प्रशासन संचालन गर्न महासचिवलाई सहयोग गर्ने ।

(झ) महासंघका कर्मचारी नियमावलीमा उल्लेख भए अनुसार कर्मचारीहरुको नियुक्ती तथा कारवाही लगायतका विषयमा आवश्यक कार्य गर्न महासचिवलाई सहयोग गर्ने ।

(ञ) महासंघको बैठकको निर्णय पुस्तिका सुरक्षीत राख्ने, अन्य कुराहरुको अभिलेख राख्ने, सम्पूर्ण कागजातहरु सुरक्षीत राख्ने, आन्तरिक तर्फका निर्णयहरु कार्यान्वय गर्ने, अनुगमन गर्ने गराउने कार्यमा महासचिवलाई सहयोग गर्ने ।

(ट) महासंघको आन्तरिक कार्य प्रगती विवरण कार्यसमितिमा पेश गर्न तयार गर्ने ।

(ठ) स्वीकृत कार्यक्रम र बजेट अनुसार आन्तरिक कार्यक्रम संचालन गर्न महासचिवलाई सहयोग गर्ने ।

(ड) महासंघको सम्पत्तिको संरक्षण रेखदेख एवं नियन्त्रण गर्न महासचिवलाई सहयोग गर्ने ।

(ढ) उप महासचिव (नीतिगत) को अनुपस्थितीमा निजले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(ण) विधानको अधिनमा रही साधारणसभा र कार्यसमितिले निर्देशन गरेको काम गर्ने ।

**(५) कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) महासंघको आयस्रोतमा बृद्धि गर्न विभिन्न कार्यक्रमको तर्जुमा गर्ने ।

(ख) कार्य समितिको तर्फबाट साधारण सभामा लेखापरीक्षण भएको लेखा सम्बन्धी प्रतिवेदन र आगामी वर्षको बजेट प्रस्तुत गर्ने ।

(ग) स्वीकृत बजेटभित्र रकम खर्च भए नभएको र महासंघको रकम अनियमित तवरले खर्च भए नभएको आदि रेखदेख गर्ने, बिल भौचरहरूमा सही गर्ने ।

(घ) महासंघको नाममा खोलिएको बैंक खाता सञ्चालन गर्ने ।

(ङ) महासंघको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र हेरचाह गर्ने ।

(च) महासंघको असुल गर्नुपर्ने शुल्क, रैरकम, अनुदान, दान, सहयोग तथा अन्य रकम असुल गर्ने ।

(छ) महासंघको आर्थिक योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

(ज) प्रत्येक कार्यसमितिको बैठकमा महासंघको आर्थिक प्रतिवेदन अनिवार्यरुपमा पेश गर्ने । [८८]

**(५क) सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) कोषाध्यक्षलाई सहयोग गर्ने ।

(ख) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गर्नुपर्ने सम्पूर्ण काम कार्यवाहि सह कोषाध्यक्षले गर्नेछ ।

(ग) कोषाध्यक्षले अधिकार प्रत्यायोजन गरेका अधिकार प्रयोग गर्ने ।

(घ) महासंघको आर्थिक कृयाकलापहरुमा दृष्टि पुऱ्याउने र कोषाध्यक्षलाई जानकारी दिने ।

(ङ) महासंघमा अर्थ संकलन र खर्च पद्दतीलाई अझ बढी व्यवस्थित गर्नका लागि गरिने उपायहरुबारे कोषाध्यक्षलाई निरन्तर सुझाव दिने ।

(च) महासंघको देनिक आम्दानी, खर्च, बील, भर्पाईहरु व्यवस्थित गरी राख्न लगाउने ।

(छ) महासंघको दैनिक आर्थिक कारोवार अनुगमन र निरिक्षण गर्ने, अनियमितता भएको पाईएमा वा कुनै प्रतिक्रिया भएमा कोषाध्यक्षलाई जानकारी दिने । [८८]

**(६) सदस्यहरूको काम, कर्तव्य र अधिकार :-**

(क) प्रत्येक सदस्यहरूले बैठकमा उपस्थित भई बैठकमा प्रस्तुत गरिएका विषयहरूमाथि आफ्नो विचार प्रस्तुत गर्ने र निर्णय गर्ने ।

(ख) महासंघको अध्यक्षले कुनै कामको जिम्मेवारी दिएमा, कुनै समिति वा उपसमितिको सदस्यमा मनोनित गरेमा आफूमाथि सुम्पिएको जिम्मेवारी पूरा गर्ने ।

(ग) महासंघको हित हुने विषयका सुझावहरू कार्य समितिमा प्रस्तुत गर्ने ।

(घ) महासंघका कुनै पदाधिकारी अनुपस्थित भएको भन्नाले निजले लिखित रुपमा उपस्थित हुन नसक्ने भनी जनाउ दिएको अवस्था वा महासंघ वा अन्य निकायबाट खटिई बाहिर गएको अवस्था जनाउँदछ । महासंघमा पदाधिकारीहरु कुनै कारणले अनुपस्थित हुने अवस्था श्रृजना भएमा सदस्यहरु मध्येको वरिष्ठ सदस्यले कार्यबाहक भै कार्य गर्न सक्नेछ । यस अवस्था सम्पूर्ण पदाधिकारीहरुले लिखित रुपमा महासंघमा उपस्थित हुन नसक्ने भनि जनाउ दिएमा मात्र लागु हुनेछ ।

(ङ) तोकिएको क्षेत्रबाट निर्वाचित सदस्यहरुले आँफु निर्वाचित भएको क्षेत्रको जिम्मेवारी र आईपर्ने समस्या सम्वन्धमा महासंघ, एशोसिएट, क्षेत्रीय संघ र जिल्ला संघहरुसँग समन्वय गरी समस्या समाधानार्थ प्रयत्नशील रहने । [८८]

(**च**) क्षेत्रीय संघका अध्यक्षहरु महासंघ कार्यसमिति पदेन सदस्यहरुले यस विधानको दफा २१ बमोजिमका व्यवस्थाहरु कार्यान्वयन गर्ने गराउने र प्रत्येक कार्यसमितिको बैठकमा आ-आफ्नो क्षेत्रको प्रतिवेदन पेश गर्ने ।[८८]

(**छ**) ईफाप्का बोर्ड मेम्बर महासंघ कार्यसमिति पदेन सदस्यले ईफाप्का सम्वन्धी विविध गतिविधी तथा अन्य काम कारवाहीहरुमा प्रतिनिधित्व गरी सोको विवरण कार्यसमितिको बैठकमा पेश गर्ने ।[८८]

(७) अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव वा कोषाध्यक्षले आफू कुनै कारणले महासंघको कुनै सभा, बैठक वा कार्यक्रममा उपस्थित हुन वा महासंघको काममा संलग्न हुन असमर्थ हुने भएमा सोको लिखित जानकारी एक दिन पूर्व नै महासंघको कार्यालयलाई गराउनु पर्नेछ । यसरी जानकारी गराइएकोमा सो पत्रमा तोकिएको समयावधिको निमित्त उक्त पदाधिकारीहरुले गर्ने कार्य कार्यबाहक भई क्रमशः अध्यक्षको हकमा वरिष्ठ उपाध्यक्षले, वरिष्ठ उपाध्यक्षको हकमा उपाध्यक्षहरु मध्ये वरिष्ठतम् उपाध्यक्षले, महासचिवको हकमा उपमहासचिव (नितीगत) ले र कोषाध्यक्षको हकमा सह-कोषाध्यक्षले सम्हाल्नेछ । उक्त व्यहोरा महासंघको कार्यालयले त्यसरी कार्यबाहक हुने पदाधिकारीलाई सम्भव भएसम्म जानकारी प्राप्त भएकै दिन लिखितरुपमा अवगत गराउनु पर्नेछ ।[८]

**१५क. स्थायी समिति (स्ट्याण्डिङ्ग कमिटी) सम्बन्धी व्यवस्थाः** कार्य समितिको बैठक नबसेको अवस्थामा महासंघको दैनिक कार्य संचालन गर्न कार्य समितिका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव, र कोषाध्यक्ष समेत गरी ४ जना अनिवार्य र अन्य पदाधिकारी तथा सदस्यहरु मध्ये बाट ११ जना गरी जम्मा १५ सदस्यीय स्थायी समिति ( स्ट्याण्डिङ्ग कमिटी) कार्यसमितिले गठन गर्नेछ । कार्यसमितिको बैठक नबसेको अवस्थामा कार्यसमितिको काम, कर्तव्य र अधिकार नै स्वतः स्थायी समितिको काम, कर्तव्य र अधिकार हुनेछ । स्थायी समितिले गरेका निर्णय एवं कार्यहरु सोको लगत्तै बस्ने कार्य समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।[८]

## १५ख. समिति सम्बन्धी व्यवस्था[८]

(१) महासंघको कार्य सम्पादनलाई विकेन्द्रीकरण तथा विशिष्टिकरणको माध्यमबाट प्रभावकारी तुल्याउन कार्य समिति अन्तर्गत देहाय बमोजिमका समितिहरु कार्य समितिले आफ्नो कार्यकाल शुरु भएको ६ महिना भित्र गठन गर्नु पर्नेछ साथै आवश्यकता अनुसार थप समितिहरु समेत कार्यसमितिले गठन गर्नेछ :

(१क) अनुशासन समिति
(क) क्षेत्रीय तथा जिल्ला संघ समन्वय समिति
(ख) एशोसिएट सदस्य समन्वय समिति
(ग) आर्थिक समिति
(घ) अन्तर्राष्ट्रिय समन्वय समिति
(ङ) प्रचार प्रसार समिति
(च) संगठन, सदस्यता र नवीकरण समिति
(छ) मूल्यांकन तथा अनुगमन समिति
(ज) निर्माण व्यवसाय विकास परिषद् समन्वय समिति
ज१) अनुसन्धान तालिम र विकास समिति
(झ) राजस्व परामर्श समिति
(ञ) कानून तथा नीतिनियम समिति
(ट) पुरस्कार तथा सम्मान समिति
(ठ) आन्तरिक लेखा परिक्षण समिति
(ड) विवाद समाधान तथा परामर्श समिति
(ढ) सामाजिक सेवा समिति
(ण) महिला निर्माण व्यवसायी समन्वय समिति
(त) प्राविधिक परामर्श समिति
(थ) बोलपत्र व्यवस्थापन समिति

(२) कार्य समितिले आवश्यक देखेमा उपदफा (१) मा उल्लेख गरिएदेखि बाहेक अन्य समिति गठन गर्न सक्नेछ ।

(३) उपरोक्त प्रत्येक समितिमा एकजना संयोजक, एकजना सहसंयोजक, एकजना सदस्य सचिव समेत बढीमा एघार जना सम्म रहनेछन् तर आन्तरिक लेखा परिक्षण समितिमा पूर्व पदाधिकारीहरु मध्येबाट एक संयोजक र दुई सदस्य रहने गरी तीन जनाको आन्तरिक लेखा परिक्षण समिति गठन हुनेछ । अनुशासन समितिमा पूर्व पदाधिकारी वा सदस्य मध्येबाट एक संयोजक र दुई सदस्य रहने गरी तीन जनाको अनुशासन समिति गठन हुनेछ । तर प्राविधिक परामर्श समिति र बोलपत्र व्यवस्थापन समितिमा जतिसुकै सदस्य संख्या पनि रहन सक्नेछ ।[८]

(४) प्रत्येक समितिमा एशोसिएट सदस्य, 'क', 'ख', 'ग' र 'घ' गरी सबै वर्गका निर्माण व्यवसायीहरुको प्रतिनिधित्व रहनु पर्नेछ ।

(५) समितिका संयोजकहरुले कार्य समिति वा स्थायी समितिको नियमित बैठकमा अनिवार्यरुपमा उपस्थित भई आ-आफ्नो समितिको कार्य प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(६) यस विधानमा लेखिएका बाहेक समितिहरुको काम, कर्तव्य, अधिकार, बैठकका कार्यविधि तथा अन्य व्यवस्था कार्य समितिले तोकेबमोजिम हुनेछ ।

(७) समितिले गरेका निर्णय कार्य समितिको बैठकबाट अनुमोदन गराई मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

(८) प्रत्येक समितिको कार्य प्रगती र अवस्था बारे महासंघको तर्फबाट साधारणसभामा पेश गर्ने प्रतिवेदनमा महासचिवले अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

(९) समितिका संयोजक मनोनयन गर्दा यथासंभव एक व्यक्तिलाई एउटामात्र समितिको संयोजक तोकिने छ ।

(१०) समितिको बैठक प्रत्येक दुई महिनामा अनिवार्य रुपमा बस्नु पर्नेछ । प्रत्येक कार्यसमितिको बैठकमा समितिका संयोजकले आफ्नो समितिको प्रतिवेदन पेश गर्ने वा कार्यसमिति भन्दा बाहेकका संयोजकले लिखित रुपमा पठाउनु पर्नेछ ।[८८]

(११) समितिहरुको कामको क्रियाशिलताका लागि कार्यसमिति वा प्रमुख पदाधिकारीहरुले दैनिक कामहरु समितिहरु मार्फत गर्नु गराउन सकिनेछ ।[८८]

(१२) समितिलाई तोकिएको कार्य पूरा नगरेमा, तोकिए बमोजिम बैठक नबसेमा, नियमित प्रतिवेदन पेश नभएमा कार्यसमितिले सो समिति विघटन गरी नयाँ गठन गर्नु पर्नेछ ।[८८]

## १५ख१. समितिहरुको काम, कर्तव्य र अधिकार

### (१क) अनुशासन समिति[८८]:

१) महासंघका पदाधिकारी तथा सदस्यहरुमा अनुशासन कायम गर्न आवश्यक कार्यहरु गर्ने ।

२) आर्थिक, नैतिक, भौतिक लगायत हरेक क्षेत्रमा अनुशासन कायम गर्न गराउन हरदम प्रयत्नशील रहने ।

३) अनुशासन हिनतालाई दुरुत्साहन गर्न आवश्यक कार्यहरु गर्ने ।

४) महासंघको विधान नियमावली तथा आचार संहिताको पालना नगरेको वा सो विपरित कुनै कार्य गरेको भनी कार्यसमितिका पदाधिकारीहरु, सदस्यहरु तथा सदस्य संघहरु उपर उजुरी पर्न आएमा सो उजुरी उपर छानविन गर्ने ।

५) छानविन गर्ने प्रयोजनका लागि आरोप लागेका व्यक्तिलाई आफू समक्ष झिकाई सोधपुछ गर्ने, बयान लिने, प्रमाण संकलन गर्ने तथा स्पष्टिकरण सोध्ने ।

६) आफू समक्ष पर्न आएका उजुरीका सम्वन्धमा छानवीन गरी ठोस राय सहितको प्रतिवेदन कार्यसमितिमा प्रस्तुत गर्ने ।

### (क) क्षेत्रीय तथा जिल्ला संघ समन्वय समितिः

१. क्षेत्रीय तथा जिल्ला संघहरुको पीरमर्का गुनासो आदी बारे व्यापक छलफल गरी निराकरणको उपाय निकाल्ने ।

२. क्षेत्रीय तथा जिल्लाहरुमा विधान बमोजिम संघहरुले काम गरे नगरेको अनुगमन रेखदेख गर्ने ।

३. क्षेत्रीय तथा जिल्लाका निर्माण व्यवसायीहरुलाई बढी भन्दा बढी महासंघका कृयाकलापहरुमा सहभागि गराउने ।

४. एशोसिएट, जिल्ला र क्षेत्रीय संघ बीच भाईचाराको सम्वन्ध विकास गर्न अतिरिक्त कृयाकलाम हरु आयोजना गर्ने ।

५. क्षेत्रीय र जिल्ला संघका साधारण सदस्यहरुको रेकर्ड अध्यावधिक गराई राख्ने, राख्न लगाउने ।

६. कार्यसमितिको निर्देशन र समितिले उपयुक्त ठहऱ्याएको अन्य कार्यहरु गर्ने ।

## (ख) एशोसिएट सदस्य समन्वय समितिः

१. एशोसिएट सदस्यहरुको नियमित भेला, बैठक गर्ने । आवश्यक परेमा एशोसिएट कार्यदल गठन गर्ने ।

२. एशोसिएट सदस्यहरुको पीरमर्का, गुनासाहरुलाई यथाशक्य हटाउने र घटाउने सम्वन्धमा दत्तचित्त रहने ।

३. एशोसिएट सदस्यहरुको रेकर्ड अध्यावधिक गराई राख्ने, राख्न लगाउने ।

४. एशोसिएट सदस्यहरु, क्षेत्र र जिल्ला संघहरु बीच रचनात्मक कृयाकलाप संचालन र अनुगमन गर्ने ।

५. महासंघ कार्यसमितिको निर्देशन तथा उपयुक्त विषयहरुमा निर्णय लिने र कार्यहरु गर्ने ।

## (ग) आर्थिक समितिः

१. अर्थ संकलन कसरी गर्न सकिन्छ, महासंघलाई आर्थिक रुपमा मजबुत बनाउन विभिन्न नीतिहरु प्रस्ताव गर्ने ।

२. आर्थिक मितव्ययीताका लागि विभिन्न उपायहरु अवलम्वन गर्न कार्यसमितिलाई सुझाव दिने ।

३. महासंघको आर्थिक कृयाकलापहरुमा सुक्ष्म अध्ययन् विश्लेषण गर्ने ।

४. उठन बाँकी बेरुजु तथा पेश्किहरुलाई असुल उपर गर्न आवश्यक कार्यहरु गर्ने ।

५. आर्थिक कृयाकलापहरु पारदर्शी तथा स्वच्छ बनाउन कृयाशील रहने ।

६. महासंघ कार्यसमितिको निर्देशन तथा उपयुक्त विषयहरुमा निर्णय लिने ।

## (घ) अन्तराष्ट्रिय समन्वय समितिः

१. अन्तराष्ट्रिय संघ संस्थाहरु सँग बढी भन्दा बढी सम्वन्ध विकास गर्न उपायहरु अवलम्वन गर्ने ।

२. नयाँ तथा अन्तराष्ट्रिय संघ संस्था तथा निकायहरुको सदस्यता लिन उपयुक्त छ भन्ने विषयमा खोज अनुसन्धान गर्ने र कार्य समितिलाई शिफारिस गर्ने ।

३. अन्तराष्ट्रिय निर्माण व्यवसायी संघ संगठनहरु, उनीहरुको भूमिका र कृयाकलाप बारे जानकारी लिने, अन्वेषण गर्ने र राम्रा कुराहरुको अनुशरण गर्न कार्यसमितिलाई सुझाव दिने ।

४. महासंघ कार्यसमितिको निर्देशन तथा उपयुक्त विषयहरुमा निर्णय लिने ।

## (ङ) प्रचार प्रसार समितिः

१. महासंघको कृयाकलाप बारे पत्रिका, बुलेटिन प्रकाशन गर्ने ।

२. महासंघलाई राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा परिचित गराउन व्यापक प्रचार प्रसार गर्ने ।

३. महासंघका नीति, सिद्धान्त तथा उपलब्धिहरुको प्रचार प्रसार गर्ने ।

४. एशोसिएट, क्षेत्र तथा जिल्लाका गतिविधिहरुलाई प्रचार प्रसार गर्ने गराउने ।

५. महासंघ कार्यसमितिको निर्देशन तथा उपयुक्त विषयहरुमा निर्णय लिने ।

## (च) संगठन, सदस्यता र नवीकरण समिति[८]:

१. महासंघको सांगठनिक ढाँचाबारे निरन्तर अनुसन्धान गर्ने ।

२. एशोसिएट तथा जिल्लाका फर्जि र दोहोरो सदस्यता लिने साधारण सदस्यहरुलाई दुरुत्साहन गर्ने गराउने ।

३. संगठन र सदस्यता विधान बमोजिम छन् छैनन् निरन्तर अनुगमन गर्ने ।

४. सदस्यहरुको नवीकरण सिफारिस सम्वन्धमा आवश्यक नीति बनाउने र नवीकरण शिफारिस गर्न महासंघलाई सहयोग गर्ने ।

५. सदस्यता प्राप्ति र नवीकरण सिफारिस सम्वन्धमा परेका निवेदन माग आदीका सम्वन्धमा छानवीन गर्ने ।

६. सदस्यता शुल्क निर्धारण गरी कार्यसमितिमा शिफारिस गर्ने ।

७. महासंघका सदस्यहरुको अभिलेख स्पष्ट संग राख्ने राख्न लगाउने ।

८. सदस्य संघहरुबाट महासंघ समक्ष सदस्यता सम्वन्धमा प्रस्तुत हुने सुझावहरु अध्ययन् गर्ने ।

९. सदस्यता प्रदान गर्नु अघि थप विवरण बुझ्नुपर्ने भए सो बुझ्ने ।

१०. सदस्यता दिने वा नदिने सम्वन्धमा आवश्यक निर्णय लिन कार्यसमिति समक्ष प्रतिवेदन दिने ।

११. कार्यसमितिको निर्देशन र समितिले उपयुक्त ठहऱ्याएको अन्य कार्यहरु गर्ने ।

**(छ) मूल्याङ्कन तथा अनुगमन समितिः**

१. एशोसिएट, क्षेत्र र जिल्लाका सदस्यहरुले आफ्ना कृयाकलापहरु विधान अनुरुप संचालन गरेका छन् छैनन् निरन्तर अनुगमन गर्ने ।

२. महासंघका समितिहरु, क्षेत्र तथा जिल्लाहरुको निरन्तर मुल्याङ्कन गरि पुरस्कार सम्मान समितिलाई सुझाव दिने ।

३. सम्वन्धित निकायमा मूल्य सुचकांक (Price Index) अद्यावधिक राख्न पहल गर्ने ।

४. मूल्य सुचकांकमा यावत निर्माण सामाग्रीहरु तथा तलब, ज्याला समेतको दररेट अद्यावधिक गर्ने गराउने ।

५. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(ज) निर्माण व्यवसाय विकास परिषद् समन्वय समिति[८]:**

१. निर्माण व्यवसाय ऐन २०५५ बमोजिम स्थापित यो परिषदमा महासंघबाट भएको प्रतिनिधित्व बारे मुल्याङ्कन गर्ने ।

२. यस परिषद्मा दिनुपर्ने राय सुझाव महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्य मार्फत पठाउने ।

३. विकास परिषद्बाट निर्माण व्यवसायीहरुले अत्यधिक लाभ लिनका लागि उपयुक्त व्यवस्था मिलाउने ।

४. परिषद्मा जम्मा भएको ०.१ प्रतिशत रकम खर्च सम्वन्धमा अनुगमन गरि कार्यसमितिमा सुझाव पेश गर्ने ।

५. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(ज१) अनुसन्धान, तालिम र विकास समिति[८८]:**

१. निर्माण व्यवसायमा नयाँ प्रविधि र कृयाकलापहरुको खोज अनुसन्धान गर्ने ।

२. निर्माण व्यवसायीहरु तथा सम्बद्ध मजदुर कर्मचारी लगायतलाई तालिमको व्यवस्था गर्ने ।

३. निर्माण व्यवसाय विकासका लागि नयाँ नयाँ सुत्रहरु पत्ता लगाउने ।

४. निर्माण उद्योग प्रशिक्षण केन्द्र (CITC) लगायत यस्तै अन्य संस्थाहरुमा महासंघको प्रतिनिधित्व गराई यस्ता संस्थाहरुसँग सहकार्य र समन्वयमा निर्माण व्यवसायीहरुलाई आवश्यक तालिम, अनुसन्धान आदी गर्ने ।

५. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(झ) राजश्व परामर्श समितिः**

१. सरकारी कर, राजश्व बारे निर्माण व्यवसायको क्षेत्रमा कस्तो नीति अवलम्बन हुनुपर्छ खोज, अनुसन्धान गर्ने ।

२. दोहोरो कर तथा राजश्वलाई दुरुत्साहन गर्न उपाय अवलम्वन गर्ने ।

३. राजश्व उचित र सुलभ तरिकाबाट तिर्न, बुझाउन आवश्यक व्यवस्थाका लागि अनुसन्धान गर्ने ।

४. निर्माण क्षेत्रमा सरकारले लागू गरेका राजश्व नीतिलाई पुनरावलोकन गर्न गराउन आवश्यक गृहकार्य गर्ने ।

५. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(ञ) कानून तथा नीति नियम समितिः**

१. निर्माण क्षेत्रका कानून, नियम, नीतिहरुको समिक्षा गर्ने ।

२. निर्माण क्षेत्रका ऐन कानूनलाई परिमार्जन गर्न उपयुक्त सुझाव र सल्लाह दिने ।

३. निर्माण व्यवसायी अनुकुल ऐन, कानून निर्माणमा सदा कृयाशील रहन आवश्यक कार्यहरु गर्ने ।

४. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(ट) पुरस्कार तथा सम्मान समितिः**

१. पुरस्कार र सम्मान गर्न लायक संघ, संस्था, व्यक्ति, निर्माण व्यवसायीहरुको पहिचान गरि कार्यसमितिलाई सुझाव दिने ।

२. पुरस्कार तथा सम्मानका लागि उपयुक्त व्यक्ति तथा संस्था छनौटका आधारहरु तय गर्ने ।

३. पुरस्कार तथा सम्मानका लायक र पुरस्कृत तथा सम्मानित संघ संस्था तथा व्यक्तिहरुको लगत तयार गरी व्यवस्थित गर्ने ।

४. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(ठ) आन्तरिक लेखा परिक्षण समितिः**

१. प्रत्येक छ महिनामा महासंघको आन्तरिक लेखा परिक्षण गर्ने ।

२. प्रत्येक आन्तरिक लेखा परिक्षण प्रतिवेदन कार्यसमितिमा पेश गर्ने ।

३. आन्तरिक लेखा परिक्षणमा देखिएका त्रुटीहरु सच्याउन सुझाव सहित प्रतिवेदनमा समावेश गर्ने ।

४. कार्यसमितिको निर्देशनमा अन्य तोकिएको कार्यहरु गर्ने ।

**(ड) विवाद समाधान, परामर्श तथा अनुगमन समितिः**

१. निर्माण व्यवसायीहरु र सार्वजनिक निकायहरु बीचको विवाद समाधान गर्न प्रयत्न गर्ने,

२. देशभरका निर्माण व्यवसायीहरुको प्रचलित ऐन नियम बमोजिम गर्नु गराउनुपर्ने कार्यहरुमा सहयोग समन्वय गर्ने,

३. निर्माण व्यवसायीहरु बीचको विवाद समाधान गर्न प्रयत्न गर्ने

४. प्रचलित ऐन नियम बमोजिम मुद्दा मामिला गर्नुपर्ने विषयहरुमा समन्वय र सहयोग गर्ने,

५. भुक्तानी लिन बाँकी तथा विवादास्पद भएका संझौताहरुमा समाधानको उचित समन्वय र सहयोग गर्ने,

६. कार्य समितिको निर्देशनमा अन्य तोकिएका कार्यहरु गर्ने ।

**(ढ) सामाजिक सेवा समिति[८८]:**

१. महासंघका सदस्यहरुबीच सामाजिक सद्भाव अभिबृद्धि गर्ने ।

२. महासंघलाई सामाजिक सेवामा अग्रसर गराउने ।

३. विभिन्न सामाजिक सेवा सम्वन्धी कार्यहरुमा महासंघलाई सरिक गराउने ।

४. महासंघले गर्नुपर्ने विभिन्न सामाजिक सेवाको कार्यहरु पहिचान गरी गराई महासंघलाई सुझाव दिने ।

५. नयाँ नौलो र अनुकरणीय सामाजिक सेवाका कार्यहरुमा महासंघलाई सरिक र आवद्ध गराउने ।

६.महासंघ सदस्यहरु बीचको सामाजिक संस्कारहरुमा सहभागिहुने तथा सहभागि हुने वातावरण तयार गर्ने ।

७. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(ण) महिला निर्माण व्यवसायी समन्वय समिति[८८]:**

१. निर्माण व्यवसायमा बढीभन्दा बढी महिलाहरुलाई सहभागिता गराउन प्रयत्नशिल रहने ।

२. निर्माण व्यवसाय दर्ता प्रक्रियामा महिलाहरुलाई विशेष छुटको व्यवस्था गर्न आवश्यक कार्य गर्ने ।

३. महासंघ, आबद्ध संघ र बस्तुगत संघहरुमा महिलाहरुको प्रतिनिधित्व बढाउन आवश्यक कार्य गर्ने ।

४. योग्य, सक्षम र दृढ महिलाहरुलाई व्यवसायमा प्रवेश गराउने ।

५. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(त) प्राविधिक परामर्श समिति[८८]:**

१. महासंघलाई प्रविधिमा सुविधा सम्पन्न गराउन आवश्यक कार्य गर्ने ।

२. स्ट्याण्डर्ड विडिङ डकुमेण्ट वा अन्य यस्तै डकुमेण्टहरु र यसमा समावेश हुने पूर्व योग्यता लगायतका प्राविधिक योग्यता सम्वन्धमा आवश्यक व्यवस्था गर्न महासंघलाई परामर्श दिने ।

३. प्राविधिक ज्ञान र शीपको बृद्धिका लागि आवश्यक कार्य गर्ने ।

४. प्राविधिक निर्माण व्यवसायीहरुको तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने ।

५. गुणस्तरयुक्त कार्य सम्पादन गर्न महासंघलाई परामर्श दिने ।

६. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**(थ) बोलपत्र व्यवस्थापन समिति[८८]:**

१. बोलपत्रमा स्वच्छ प्रतिस्पर्धा गर्न गराउन आवश्यक कार्य गर्ने ।

२. बोलपत्रमा भाग लिने व्यवसायीहरुको दक्षता अभिबृद्धि गर्ने गराउने ।

३. बोलपत्र सम्वन्धी सूचना महासंघमा अद्यावधिक गर्ने गराउने र लगत तयार गर्ने ।

४. बोलपत्र सम्वन्धी सूचनाहरु एकद्वारका रुपमा एकत्रित गरी प्रत्येक व्यवसायीहरुलाई सहज पहुँचको व्यवस्था गर्ने ।

५. महासंघ कार्यसमितिको निर्देशनमा र अन्य उपयुक्त कार्यहरु गर्ने ।

**१६. राष्ट्रिय सम्मेलन सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक कार्य समितिले आफ्नो कार्यकालभित्र कम्तिमा एउटा राष्ट्रिय सम्मेलनको आयोजना गर्नेछ ।

(२) राष्ट्रिय सम्मेलनमा महासंघका सदस्यहरूको अतिरिक्त अन्य जिल्ला, क्षेत्रीय तथा अन्य स्तरका निर्माण व्यवसायी संघका प्रतिनिधिहरू, कार्य समितिले आमन्त्रण गरेका नेपाल सरकार, अन्य स्वदेशी एवं विदेशी निर्माण व्यवसायी संस्थाहरू, अन्य व्यवसायिक संघ संस्थाहरू, वैदेशिक नियोग, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आदिका प्रतिनिधिहरूलाई सहभागी गराउन सकिनेछ ।

(३) राष्ट्रिय सम्मेलनको लागि अन्य व्यवस्था कार्य समितिले तोकेबमोजिम हुनेछ ।

(४) राष्ट्रिय सम्मेलनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) निर्माण व्यवसायीहरूको हक, हित अनुकूल नीति निर्माण गर्न निर्देशन दिने ।

(ख) निर्माण व्यवसायका क्षेत्रमा देखापर्ने विभिन्न समस्याउपर छलफल गरी समाधानमा पुग्न प्रयत्न गर्ने ।

(ग) अन्य आवश्यक कार्यहरू गर्ने ।

**१६क. अधिकार प्रत्यायोजन :** राष्ट्रिय सम्मेलन, साधारणसभा र कार्यसमितिले आँफुलाई प्राप्त अधिकार विधान र प्रचलित कानूनको अधिनमा रही तल्लो निकायमा प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - ५
## अर्थ सम्वन्धी व्यवस्था

**१७. आर्थिक स्रोत :** महासंघलाई आफ्ना सदस्यहरुबाट प्राप्त हुने सदस्यता शुल्क, प्रवेश शुल्क, नवीकरण शुल्क, बिलम्ब शुल्क, जरिवाना, सेवा शुल्क, सेमिनार, सम्मेलन आदिमा तोकिएको रजिष्ट्रेशन शुल्क, आर्थिक सहयोग, दान, उपहार, आदि तथा विभिन्न स्वदेशी तथा विदेशी संघ संस्था, व्यक्ति, नेपाल सरकार तथा अन्य निकायबाट महासंघलाई प्राप्त हुने सहयोग, अनुदान, ऋण आदि वापतको रकम महासंघको आर्थिक स्रोत हुनेछ । उपरोक्त बमोजिम महासंघलाई प्राप्त हुने रकम बैंक वा बित्तीय संस्थामा राखी आर्जन गरिएको ब्याज तथा सो लगानी गरी वा नगरी महासंघले विभिन्न क्रियाकलापबाट आर्जन गरेको रकम समेत महासंघको आर्थिक स्रोत हुनेछ । वैदेशिक सहयोग लिनुपूर्व नेपाल सरकारको स्वीकृति लिइनेछ ।

**१८. चल अचल सम्पत्ति विवरण :** महासंघले प्रचलित कानून बमोजिम चल अचल सम्पत्ति खरीद, विक्री वा प्राप्ति गर्न सक्नेछ । तर अचल सम्पत्ति विक्री गर्नुपरेमा साधारण सभाको स्वीकृति अनिवार्य हुनेछ ।

**१९. बैंक खाता संचालन :**

(क) महासंघले दफा १७ अनुसार आर्जित रकमहरू जम्मा गर्न कुनै पनि नेपाल भित्रका वाणिज्य बैंकहरू, आवश्यक परे विदेशी बैंकहरू वा वित्तिय संस्थाहरूमा नेपाल निर्माण व्यवसायी महासंघको नाममा खाता खोली संचालन गरिनेछ ।

(ख) बैंक खाता संचालन : महासंघको नाममा खोलिएको बैंक खाताहरू अध्यक्ष र महासचिव मध्ये कुनै एक जना र कोषाध्यक्ष एक जना अनिवार्य गरी जम्मा दुईजनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ । तर विशेष खाताहरु खोल्नु परेमा कार्यसमितिले निर्णय गरी खाता खोल्न र संचालन गर्न सक्नेछ ।

२०. **लेखापरीक्षण :** महासंघको आर्थिक कारोवार सम्बन्धी लेखापरीक्षण साधारण सभाले तोकेको मान्यता प्राप्त लेखापरीक्षक वा चार्टड एकाउण्टेण्टद्वारा वर्षमा एकपटक गराउनु पर्नेछ । सोको एक प्रति स्थानीय अधिकारी समक्ष पेश गरिनेछ ।

## परिच्छेद - ६
## क्षेत्रीय एवं जिल्ला निर्माण व्यवसायी संघ सम्वन्धी व्यवस्था

### २१. क्षेत्रीय निर्माण व्यवसायी संघ सम्बन्धी व्यवस्थाः

(क) यस विधानको प्रतिकुल नहुने गरी प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय निर्माण व्यवसायीहरुले आ-आफ्नै अलग्गै विधान अनुसार क्षेत्रीय संघ स्थापना हुन सक्नेछन् । यस्तो संघ प्रत्येक विकास क्षेत्रमा एउटा मात्र स्थापना हुन सक्नेछ ।

(ख) आफ्नो क्षेत्रभित्रका निर्माण व्यवसायी संघको वार्षिक रुपमा नवीकरण गर्न आएकोमा तोकिएबमोजिम नवीकरण गरी महासंघमा जानकारी गराउने कार्य गर्नुपर्नेछ ।

(ग) राष्ट्रिय सम्मेलन, साधारण सभा तथा महासंघबाट भए गरेको निर्णय तथा निर्देशनहरू क्षेत्रीय संघका लागि मार्ग निर्देशन हुनेछन ।

(घ) यस विधानको प्रतिकूल नहुने गरी प्रत्येक क्षेत्रीय संघहरूले आ-आफ्नो आवश्यकतानुसार विधान र नियमहरू तर्जुमा गरी लागू गर्नसक्नेछन् ।

(ङ) क्षेत्रीय निर्माण व्यवसायी संघहरूले आफ्नो क्षेत्र अन्तर्गतका जिल्ला संघ र त्यसमा आबद्ध निर्माण व्यवसायीहरूको हक, हित र पेशाको संरक्षण, सम्बर्द्धनका लागि आवश्यक कार्यहरू गर्नेछन् ।

(च) क्षेत्रीय संघले आफ्नो क्षेत्र भित्रका जिल्ला निर्माण व्यवसायी संघहरूबीचको भाइचारा सम्बन्ध बढाउन नीति निर्देशन गर्ने र आवश्यकतानुसार कुनै पनि समस्याको मध्यस्थता गर्नेछ र अन्य आपसी विवाद, झैझगडा आदि समस्याहरू समाधानका लागि क्षेत्रीय संघले पहल गर्नेछ ।

(छ) क्षेत्रीय संघले आफ्नो कार्यक्रम तथा खर्च संचालनको लागि जिल्ला संघहरू तथा निर्माण व्यवसायीहरू समेतबाट आवश्यक सहयोग लिन सक्नेछ ।

(ज) क्षेत्रीय संघले आफ्नो क्षेत्र भित्रका जिल्ला संघहरूको कार्य संचालन स्थिति तथा आय व्यय हिसाबका सम्बन्धमा आवश्यकतानुसार निरीक्षण र नियन्त्रण गर्न गराउन सक्नेछ । कार्यक्रम संचालन र आर्थिक कारोबारका सम्बन्धमा कुनै अनियमितता पाएमा आवश्यक कारवाही गरी महासंघमा प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(झ) महासंघ कार्यसमितिले पाँचवटै क्षेत्रीय निर्माण व्यवसायी संघहरुको विधानमा एकरुपता कायम गरी सबै क्षेत्रीय संघहरुको काम कारवाहीहरु एकै किसिमले हुने व्यवस्था गर्ने छ । सोका लागि महासंघ कार्यसमितिले क्षेत्रीय संघको विधान, नाम, कार्यसंचालन विधी, गठन विधी, कार्यकाल, अनुशासन, आचार संहिता, मर्यादाक्रम, नियम, महासंघमा प्रतिनिधित्व, महासंघका निर्देशन पालना आदी आवश्यक व्यवस्थाहरुमा एकरुपता हुने गरी विधानको खाका तयार गरी सबै जिल्ला संघहरुमा पठाउने छ । यसरी महासंघले पठाएकोमा क्षेत्रीय संघले प्राप्त गरेको मितिले एक बर्ष भित्रमा सो खाका बमोजिम अनिवार्य आफ्नो विधान संशोधन गरी स्थानीय अधिकारीबाट स्वीकृती लिई महासंघमा जानकारी गराउनु पर्नेछ ।[८८]

(ञ) क्षेत्रीय संघहरुले महासंघको साधारण सभा भन्दा अगावै सो वर्षको आ-आफ्नो साधारणसभा सम्पन्न गराई सक्नुपर्नेछ ।[८८]

## २२. जिल्ला निर्माण व्यवसायी संघ सम्बन्धी व्यवस्था :

**(क)** निर्माण व्यवसायीहरुले आ-आफ्नो जिल्लामा आ-आफ्नै अलग्गै विधान अनुसार जिल्ला संघ स्थापन गरी संचालन हुनेछ ।

**(ख)** एक जिल्लामा साधारण सदस्य रहेको निर्माण व्यवसायी अर्को जिल्लामा पनि साधारण सदस्य रहन पाउने छैन । कुनै कारणबाट अर्को जिल्लामा साधारण सदस्यता लिनुपर्ने भएमा अघि सदस्य भइरहेको जिल्लाको निर्माण व्यवसायी संघमा सदस्यता त्याग गरेर मात्र अर्को जिल्लाको सदस्यता लिन सकिनेछ । तर मताधिकार नहुने मानार्थ सदस्यताको हकमा भने यो व्यवस्था लागू हुनेछैन ।

**(ग)** जिल्ला स्तरीय समस्याहरू समाधान गर्न जिल्ला निर्माण व्यवसायी संघहरू स्वतन्त्र हुनेछन् र जिल्ला संघले जिल्ला स्तरीय समस्या समाधानार्थ आवश्यक परे क्षेत्रीय निर्माण व्यवसायी संघ र उक्त संघ मार्फत् महासंघको समेत सहयोग लिन सक्नेछन् ।

**(घ)** राष्ट्रिय स्तरका निर्माण व्यवसायका समस्या, कार्यक्रमहरूको हकमा जिल्ला निर्माण व्यवसायी संघहरूले महासंघको कार्य समितिलाई लिखित सुझाव सहित जानकारी पठाउनुपर्नेछ र त्यस सम्बन्धमा महासंघबाट प्राप्त हुने निर्देशन अनुसारको कार्य गर्नुपर्नेछ ।

**(ङ)** जिल्ला निर्माण व्यवसायी संघहरु क्षेत्रीय निर्माण व्यवसायी संघ र महासंघको सदस्य नबनेसम्म क्षेत्रीय संघ तथा महासंघका कुनै पनि गतिविधिमा सामेल हुन एवं सुविधा र सहुलियत उपभोग गर्न पाउने छैनन् ।

**(च)** महासंघ कार्यसमितिले पचहत्तर वटै जिल्ला निर्माण व्यवसायी संघहरुको विधानमा एक रुपता कायम गरी सबै जिल्ला निर्माण व्यवसायी संघहरुको काम कारवाहीहरु एकै किसिमले संचालन हुने व्यवस्था गर्नेछ । सोका लागि महासंघ कार्यसमितिले लागि जिल्ला संघको विधान, नाम, कार्यसंचालन विधी, गठन विधी, कार्यकाल, अनुशासन, आचार संहिता, मर्यादाक्रम, नियम, महासंघ र क्षेत्रीय संघहरुमा प्रतिनिधित्व, महासंघ र क्षेत्रीय संघहरुको निर्देशन पालना आदी आवश्यक व्यवस्थाहरुमा एकरुपता हुनेगरी विधानको खाका तयार गरी पठाउने छ । यसरी महासंघले पठाएकोमा जिल्ला संघले प्राप्त गरेको मितिले १ बर्ष भित्रमा सो खाका बमोजिम अनिवार्य आफ्नो विधान संशोधन गरी स्थानीय अधिकारीबाट स्वीकृती लिई महासंघमा जानकारी गराउनु पर्नेछ ।[८८]

**(छ)** जिल्ला संघहरुले महासंघको साधारण सभा भन्दा अगावै सो वर्षको आ-आफ्नो साधारणसभा सम्पन्न गराई सक्नुपर्नेछ ।[८८]

२२क. **विवरण पठाउनुपर्ने**[८] : सबै बस्तुगत, क्षेत्रीय संघहरु र जिल्ला संघहरुले महासंघलाई निम्न विवरण नियमितरुपमा पठाउनुपर्नेछ :

(१) नियमितरुपमा वार्षिक साधारण सभा गरी सो सभाले पारित गरेका निर्णयको प्रतिलिपि,

(२) नियमितरुपमा निर्वाचन गरी सो सम्बन्धी विवरण,

(३) आफ्ना सदस्यको नाम, ठेगाना र प्रत्येक वर्ष नवीकरण भएका तथा नयाँ सदस्यहरु समेतको अद्यावधिक विवरण,

(४) वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा बजेट,

(५) आ-आफ्ना संघहरुको सम्वन्धित निकायको नवीकरण गरिएको प्रमाण-पत्रको प्रतिलिपि ।

(६) प्रत्येक संघले महासंघ नविकरण गर्दाका बखत आफ्ना साधारण सदस्यहरुको अध्यावधिक नामावली, आधिकारीक व्यक्तिहरुको नाम, थर, ठेगाना, फोन, फ्याक्स नम्वर र इमेल स्पष्ट खुल्नेगरि (सकेसम्म कम्प्युटर सफ्टवेयर समेत) महासंघमा बुझाउनु पर्नेछ ।

(७) महासंघ एवं सम्बन्धित् क्षेत्रीय संघबाट माग भएबमोजिमका अन्य विवरणहरु ।

## २२ख. आन्तरिक विवादको समाधान :

**(१)** महासंघका सदस्य जिल्ला निर्माण व्यवसायी संघको आन्तरिक कुरामा पदाधिकारी, कार्य समितिका सदस्यहरु वा अन्य साधारण सदस्यहरुबीच बेमेल भई संघमा विवाद उत्पन्न भएमा आपसी सहमतिबाट सो विवादको समाधान गरिनेछ । आपसी सहमतिबाट यस्तो विवादको समाधान हुन नसकेको खण्डमा क्षेत्रीय संघको पहलमा र क्षेत्रीय संघको पहलमा पनि समाधान हुन नसकेमा महासंघको पहलमा यस्तो विवादको समाधान

गरिनेछ । क्षेत्रीय संघमा यसरी उत्पन्न हुन सक्ने विवादमा पनि आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा महासंघको पहलमा समाधान गरिनेछ ।

(२) महासंघका सदस्य क्षेत्रीय तथा जिल्ला संघको कार्य संचालनमा विभिन्न कारणले बाधा अड्चन खडा भएको छ भन्ने महासंघलाई जानकारी हुन आएमा कार्य समितिले उपयुक्त ठहराए अनुसार जाँच गरी गराई सो आधारमा आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु सो संघको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विवाद समाधान हुन नसकी सो कारणबाट संघको दैनिक कार्य संचालनमा बाधा पर्ने, सम्पत्तिको नोक्सानी हुने, सांगठनिक स्थिति धरासायी हुने लगायतका प्रतिकूल परिस्थिति सिर्जना हुन लागेको भनी सो संघका बहुसंख्यक सदस्यहरुले महासंघलाई लिखित जानकारी गराई यस्तो परिस्थिति सुल्झाउन माग गरेमा महासंघको कार्य समितिले जिल्ला संघको हकमा सम्बन्धित् क्षेत्रीय निर्माण व्यवसायी संघसँग समन्वय राखी र क्षेत्रीय संघको हकमा आफैं यस सम्बन्धमा आवश्यक जाँचबुझ गरी आवश्यक कार्य गर्न सक्नेछ ।

(४) महासंघको तर्फबाट प्रस्तुत विषयमा छानवीन तथा कारवाही गर्दा कार्य समितिले विधानको दफा १५ख(१) च बमोजिम गठित संगठन, सदस्यता र नवीकरण समिति वा अन्य उपयुक्त समितिलाई समेत संलग्न गराई यस्तो समितिको सिफारिसमा आवश्यक निर्णय गर्न सक्नेछ ।[८]

(५) उपरोक्त बमोजिमको विवाद समाधानमा क्षेत्रगत उपाध्यक्षको सहमति र समन्वय अनिवार्य हुनेछ ।[८८]

## परिच्छेद - ७
## विविध

### २३. निर्वाचन सम्बन्धी व्यवस्था :

(क) महासंघको कार्य समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनको निमित्त कार्य समितिले यस विधान बमोजिम एउटा निर्वाचन सम्बन्धी नियमावली बनाउनेछ ।

(ख) निर्वाचन सम्बन्धी नियमावलीमा उल्लेखित कार्यविधि अपनाई निर्वाचन सम्पन्न गराउन कार्य समितिले एक जना मुख्य निर्वाचन अधिकृत र अन्य आवश्यक संख्यामा निर्वाचन अधिकृतहरू एवं कर्मचारीहरूको नियुक्ति गर्नेछ ।

### २४. मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार :

(क) महासंघले उपलब्ध गराएबमोजिम मतदाताहरूको नामावली छानवीन गरी प्रकाशन गर्ने, सो नामावली उपर दावी विरोधको लागि समय तोक्ने र यस्तो दावी विरोध परेमा सोमा आवश्यक छानवीन गरी मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने ।

(ख) उम्मेदवारको निमित्त दरखास्त आव्हान गर्ने ।

(ग) उम्मेदवारको दरखास्त माथि छानवीन गरी नामावली प्रकाशन गर्ने ।

(घ) उम्मेदवारको नामावली माथि दावी विरोधको लागि समय तोक्ने र यस्तो दावी विरोध पर्न गएमा आवश्यक छानवीन गरी दोस्रो नामावली प्रकाशन गर्ने ।

(ङ) उम्मेदवारले नाम फिर्ता लिने समय तोक्ने र त्यसपछि अन्तिम नामावली प्रकाशन गर्ने ।

(च) मतदान हुने स्थान र समय तोक्ने ।

(छ) कार्य समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनको निमित्त सबै मताधिकार प्राप्त महासंघ साधारण सभा प्रतिनिधिहरूद्वारा मतदान गराउने । यसै गरी एशोसिएट सदस्यतर्फको महासंघ साधारण सभा प्रतिनिधिको लागि दफा २५ को अधीनमा रही एशोसिएट सदस्य प्रतिनिधिहरुमध्येबाट मतदान गराउने ।

(ज) मतदान समाप्त भएपछि मत गन्ती गर्ने, मत परिणाम घोषित गर्ने ।

(झ) निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र वितरण गर्ने ।

(ञ) नव निर्वाचित अध्यक्षलाई शपथ ग्रहण गराउने र निजको उपस्थितीमा अध्यक्षले अन्य निर्वाचित पदाधिकारीहरु र सदस्यहरुलाई शपथ ग्रहण गराउने । साथै पछि मनोनित हुने सदस्य तथा पदाधिकारीहरु र पदेन सदस्यहरुलाई अध्यक्षले सपथ ग्रहण गराउने ।[८८]

## २५. निर्वाचनमा भाग लिन नपाउने सम्बन्धी व्यवस्था :

(१) विधानमा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि निम्नलिखित अवस्थामा कुनै पनि व्यक्ति कार्य समितिको पदाधिकारी वा सदस्यको निमित्त उम्मेदवार हुन सक्ने छैन ।

(क) मगज बिग्रेको ।

(ख) महासंघ पदाधिकारी हुन कम्तीमा एक कार्यकाल महासंघ कार्यसमिति पदाधिकारी वा सदस्य हुनुपर्ने वा क्षेत्रीय वा जिल्ला संघको अध्यक्ष वा पदाधिकारी भई एक कार्यकाल पूरा गरेको हुनुपर्ने । महासंघ कार्यसमिति सदस्य हुनका लागि महासंघ, क्षेत्रीय संघ वा जिल्ला संघको कार्यसमितिमा एक कार्यकाल पूरा गरिसकेको वा एशोसिएटबाट महासंघ साधारणसभा प्रतिनिधि भै एक कार्यकाल पूरा गरेको हुनुपर्नेछ ।[८]

(ग) महासंघको विधान र नियमलाई नमानी महासंघको उद्देश्य विरुद्ध गई व्यक्तिगत स्वार्थमा लागेको ।

(घ) महासंघलाई बुझाउनुपर्ने बक्यौता बांकी रहेको व्यक्ति वा यस्तो सदस्य संघ, फर्म वा कम्पनीबाट प्रतिनिधित्व गर्ने व्यक्ति ।

(२) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक महासंघ साधारण सभा सदस्यहरु कार्य समितिका जुनसुकै पदमा उम्मेदवार हुन र मतदान गर्न सक्षम हुनेछन् ।

(३) यस विधानको अन्य दफा उपदफामा जेसुकै लेखिएको भएतापनि महासंघको कार्य समितिको अध्यक्ष पदमा लगातार दुई पटकको कार्यकाल पूरागरिसकेको कुनै पनि व्यक्ति पुनः अध्यक्ष पदका लागि उम्मेदवार बन्न सक्ने छैन ।

(४) निर्माण व्यवसाय ईजाजत पत्र प्राप्त गरेको पाँच बर्ष पूरा भएको, महासंघ वा अन्तरगतका सदस्य संघहरुको सदस्यता लिएको कम्तिमा पाँच आर्थिक वर्ष पूरा भएको फर्म/कम्पनीमा अविछिन्न पाँच बर्ष पूरा गरेको प्राकृतिक व्यक्तिले मात्र साधारणसभा प्रतिनिधिको उम्मेदवार बन्न पाउनेछ । एशोसिएट तर्फ साधारणसभा प्रतिनिधि छनौटका लागि मतदान गर्न एशोसिएट सदस्यता प्राप्त गरेको एक आर्थिक बर्ष पूरा भएको सदस्यको प्रतिनिधि हुनुपर्नेछ ।[८]

(५) विधान बमोजिम नियमित साधारणसभा र निर्वाचन नगर्ने क्षेत्रीय तथा जिल्ला संघहरुको प्रतिनिधिहरु र सदस्यता नवीकरण नभएको कुनैपनि सदस्यको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिले निर्वाचनमा मत दिन तथा उम्मेदवार बन्न पाउने छैन ।[८]

(६) निर्वाचनमा उम्मेद्वार हुने प्रत्येक साधारणसभा प्रतिनिधिले यस दफा बमोजिमको योग्यता पुगेको आवश्यक कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।[८८]

## २५क. आचार संहिता[८]:

(१) महासंघका सदस्यहरु तथा सदस्य संघहरुका साधारण सदस्यहरुले समेत अनुसूची ४ बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आचार संहिता उलंघन गरेमा महासंघ आफैले वा क्षेत्रीय र जिल्ला संघहरु मार्फत निम्न बमोजिमको कारवाहि महासंघले गर्नुपर्नेछ । सो निर्णय सबै सदस्यहरुलाई बाध्यकारी हुनेछ ।

क) स्पटिकरण सोध्ने ।

ख) जवाफ नआएमा वा चित्त बुझ्दो जवाफ नआएमा नसिहत दिने, चेतावनी दिने, सदस्यताबाट निलम्वन गर्ने, उपयुक्त जरीवाना गर्ने वा सदस्यता बाट हटाउने, बर्खास्त गर्ने गराउने वा निज विरुद्ध सम्वन्धित अदालतमा मुद्दा दायर गर्नु पर्ने ।

ग) यस दफा बमोजिम कारवाही गर्दा अनुशासन समिति मार्फत महासंघले प्रतिवेदन लिने वा छानविन गराउन समेत सक्नेछ ।

घ) कार्यसमितिले यस दफा कार्यान्वयन गर्न उपयुक्त "अनुशासन (कसुर तथा सजाय) नियमावली" तयार गरी लागू गर्नुपर्नेछ ।

**२५ख. विशेषज्ञ सम्वन्धी व्यवस्था:** महासंघ कार्यसमितिले विभिन्न विषय विज्ञहरुलाई उक्त विषयको सल्लाहाकारको रुपमा नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त भएका सल्लाहकारहरु विधानको दफा १४क बमोजिमका सल्लाहकारहरुको दर्जामा रहनेछैनन् ।

**२५ग. सचिवालय:**

(१) महासंघको कार्य संचालनको लागि एक सचिवालय रहनेछ ।

(२) सचिवालयका कर्मचारी सेवा, सर्त सम्वन्धी वितृत व्यवस्था महासंघ कर्मचारी नियमावली बमोजिम हुनेछ ।

**२५घ. पदरिक्त हुने :** कुनै निर्माण व्यवसायी माथिल्लो पदमा निर्वाचित हुनासाथ तल्लोपद (मनोनित हुने पदहरु र साधारणसभा प्रतिनिधि बाहेक) स्वत: रिक्त हुनेछ साथै तल्लो पदमा निर्वाचित भएमा (मनोनित हुने पदहरु बाहेक) समेत माथिल्लो पद समेत स्वत: रिक्त हुनेछ । तर मनोनित र पदेनका हकमा यो उपदफा लागु हुने छैन । पदको मर्यादाक्रम अनुसूची ५ बमोजिम हुनेछ ।

**२५ङ. दोहोरो सदस्यता लिन दिन नपाउने :** कुनै एक निर्माण व्यवसायी फर्म/कम्पनी कुनै एक जिल्ला, एशोसिएट सदस्य मध्ये एक स्थानमा मात्र सदस्य बन्न पाउनेछ । यस दफा विपरित दोहोरो सदस्यता लिए दिएमा सदस्यता लिने र दिने दुवैलाई महासंघ आचार संहिता उलंघन मानि कारवाही गरिनेछ । निर्माण व्यवसायी जुनसुकै संघमा मानार्थ सदस्यको रुपमा रहन पाउनेछ । तर मानार्थ सदस्यलाई चुन्ने र चुनीने अधिकार हुने छैन । सदस्यता स्थानान्तरण गर्न भने पाइनेछ । विधानको यो दफा संशोधन हुने गरी साधारणसभाबाट पास हुनासाथ दोहोरो सदस्यता लिएकाहरुले एक स्थानमा मात्र आँफुलाई सिमिति गर्नुपर्नेछ । स्थानान्तरण भई आएका सदस्यलाई नयाँ सदस्यमा राखिने छैन । उक्त सदस्यले शुरु सदस्यता प्राप्त गरेको मितिलाई नै मान्यता दिईनेछ ।

**२५च. विशेष परिस्थिती:** यस विधान बमोजिम विशेष परिस्थिती भन्नाले मानिसहरु लामो समय आवत जावत गर्न नसक्ने अवस्था श्रृजना भएको, युद्ध घोषणा भएको, भयङ्कर दैवी प्रकोप, राष्ट्रिय रुपमा शान्ति सुरक्षा बारे असामान्य परिस्थिती उत्पन्न भएको भनी सरकारद्वारा वा सम्वन्धित स्थानीय निकायद्वारा घोषणा भएको अवस्थालाई मात्र विशेष परिस्थिती मानिने छ ।[८]

**२५छ. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :** महासंघको तर्फबाट स्वदेशी तथा विदेशी सेमिनार, गोष्ठी तथा कानून बमोजिम संस्थापित समिति, आयोग, निकायहरुमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरुले अनिवार्य रुपमा महासंघमा प्रगती प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**२५ज. राष्ट्रिय निर्माण दिवस (National Construction Day) :** प्रत्येक साल मंसीर बाईस गतेका दिन राष्ट्रिय निर्माण दिवशको रुपमा महासंघ, बस्तुगत संघ, क्षेत्रीय संघ तथा जिल्ला संघहरुले राष्ट्रिय निर्माण दिवश ९ल्बतष्यलबी ञ्चयलकतचगअतष्यल म्बथ० भव्यताका साथ मनाउनु पर्नेछ ।

**२५झ. विशेष आमन्त्रित सदस्यहरु[८८]:** महासंघ कार्यसमितिले विशेष आमन्त्रित सदस्य पदमा बढीमा ११ जना सम्म निम्न बमोजिम योग्यता पुगेका निर्माण व्यवसायीहरु तथा विषय विज्ञहरु मध्येबाट मनोनित गर्न सक्नेछ ।

१) महासंघ कार्यसमितिमा एक कार्यकाल पूरा गरेको पदाधिकारी र सदस्यहरु ।

२) एशोसिएट र बस्तुगत संघबाट कम्तिमा एक पटक महासंघ साधारणसभा प्रतिनिधि भएको वा क्षेत्र वा जिल्ला संघको कार्य समितिको सल्लाहकार तथा पदाधिकारीमा एक कार्यकाल पूरा गरेको ।

३) कुनै विषयमा दक्षता हासिल गरेको विज्ञ व्यक्ति ।

**२६. अविश्वासको प्रस्ताव :**

**(क)** कार्य समितिका पदाधिकारी वा सदस्यहरू माथि अविश्वासको प्रस्ताव पारित गर्न साधारण सभामा प्रतिनिधित्व रहेका सदस्य संख्याको २५ प्रतिशत मताधिकारको प्रतिनिधित्व गर्ने सदस्यहरूले कारण खुलाई अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् । यसरी दर्ता भएको अविश्वासको प्रस्ताव साधारण सभाका सदस्यहरू मध्ये दुई तिहाई मतले पारित गरेमा प्रस्ताव पारित भएको मानिनेछ ।

**(ख)** (खारेज गरिएको)

२७. **विधान संशोधन** : यस विधानको कुनै दफामा संशोधन गर्नु पर्ने आवश्यक देखिएमा सदस्यहरुले आफ्नो सुझाव र संशोधनको विषय कार्य समितिमा लिखित रुपले पेश गर्नु पर्नेछ । साधारणसभाको कुल सदस्य संख्या मध्ये २५ प्रतिशत सदस्यहरुको सुझाव एकै किसिमको पेश भएमा कार्य समितिले आफ्नो राय सहित साधारण सभामा पेश गरी दुई तिहाई साधारण सभा प्रतिनिधिहरुले विधानमा संशोधन गर्न प्रस्ताव पारित गरेमा यस विधानमा संशोधन हुनेछ । तर यस विधानको मूल उद्देश्यमा प्रतिकुल असर पर्ने गरी कुनै पनि संशोधन हुने छैन । संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति पछि लागू गरिनेछ ।

२८. **नियम बनाउने अधिकार** : महासंघको कार्य सम्पादन गर्न, आर्थिक कारोवार व्यवस्थित गर्न, कर्मचारीहरू व्यवस्थित गर्न र निर्वाचन सम्पन्न गराउन कार्य समितिले कर्मचारी सम्बन्धी नियमावली, निर्वाचन सम्बन्धी नियमावली, आर्थिक व्यवस्थापन सम्बन्धी नियमावली एवं कार्य सम्पादन सम्बन्धी नियमावली बनाई वा संशोधन गरी लागू गर्न सक्नेछ । यसरी बनाई लागू गरिएको नियमावली वा संशोधन गरिएको नियमावली साधारण सभामा पेश गर्नुपर्नछ ।

२९. **महासंघको विघटन :** यस महासंघले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबाट महासंघको विघटन भएमा महासंघको नाममा रहेको सम्पूर्ण जायजेथा निम्न बमोजिम हुनेछ ।

(क) महासंघमा कार्यरत कर्मचारीहरूको तलव, भत्ता वा अन्य पाउनु पर्ने कुनै रकम भएमा सो तिर्नु पर्नेछ ।

(ख) महासंघले बुझाउनु पर्ने कुनै राजश्व र साहुहरू भएमा सो तिर्नुपर्नेछ ।

(ग) बाँकी रहन गएको सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

३०. **बाधा अडकाउ फुकाउने :**

**(क)** यस अघि नेपाल निर्माण व्यवसायी संघको साधारण सदस्य रहेका सम्पूर्ण वर्गका निर्माण व्यवसायीहरू स्वतः महासंघको एशोसिएट सदस्यमा परिणत हुनेछन् ।

**(ख)** (खारेज गरिएको)

**(ग)** यो विधान स्वीकृत भई लागू भएपछि महासंघको कार्य समितिको बैठक तथा साधारण सभाको गणना गर्दा नेपाल निर्माण व्यवसायी संघको यस अघि सम्पन्न यस्ता बैठक एवं सभालाई महासंघको बैठक एवं सभा मानी गणना गरिनेछ ।

**(घ)** यस विधानमा स्पष्ट नभएका कुनै कुराको विधान तथा प्रचलित कानूनसँग नबाझिने गरी व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार कार्य समितिलाई हुनेछ ।

३१. **प्रतिनिधित्व :** महासंघको साधारण सदस्यता प्राप्त गर्ने संघ संस्थाहरू एवं एशोसिएट सदस्यता प्राप्त गर्ने प्राइभेट फर्म, साझेदारी फर्म, प्रा.लि. कम्पनी वा पब्लिक लिमिटेड कम्पनी आदिले आफ्नो तर्फबाट महासंघको कुनै पनि बैठकमा भाग लिन, उम्मेदवार हुन र मतदान गर्न पाउने गरी लिखित रुपमा सो संस्था वा फर्म वा कम्पनीका पदाधिकारी, सदस्य, साझेदार, मेनेजिङ्ग डाइरेक्टर वा सञ्चालकलाई मात्र प्रतिनिधि नियुक्त गरी पठाउनु पर्नेछ । माथि लेखिएका बाहेक संस्था, फर्म वा कम्पनीमा काम गर्ने वैतनिक कर्मचारी वा अन्य व्यक्तिलाई प्रतिनिधि नियुक्त गर्नु हुदैन ।

३२. **दायित्व सर्ने :** नेपाल निर्माण व्यवसायी संघले गरेका काम, कार्यवाही तथा संघको सम्पत्ति र संघले व्यहोर्नुपर्ने दायित्व लगायत सम्पूर्ण कुराहरू यो विधान लागू हुनासाथ स्वतः महासंघमा सर्नेछ । यसै गरी नेपाल निर्माण व्यवसायी संघबाट प्रतिनिधित्व भैराखेको संघ संस्थाहरूमा महासंघको स्वतः प्रतिनिधित्व हुनेछ र सो संघबाट भएका सम्पूर्ण काम कुराहरू यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

३३. **निस्क्रियता** : यस विधानमा लेखिएका कुराहरू प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

# अनुसूची - १
( दफा १३ सँग सम्बन्धित् )

<u>कार्य समितिका पदाधिकारी एवं सदस्यहरूले ग्रहण गर्नुपर्ने सपथको व्यहोरा</u>

म ......................... ईश्वरको नाममा/आत्मालाई साक्षी राखी यो सपथ लिन्छु कि नेपाल निर्माण व्यवसायी महासंघको उद्देश्य अनुरुप ......................... पदको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान र विवेकले जानेबुझेसम्म इमान धर्म सम्झी सम्पूर्ण निर्माण व्यवसायीहरूप्रति वफादार रही निर्माण व्यवसायीको सामूहिक हित र पेशाको मर्यादाका लागि कुनै भय, पक्षपात वा द्वेष नराखी इमान्दारीपूर्वक सम्पन्न गर्नेछु।

| | |
|---|---|
| ............................. | ............................... |
| सपथ गराउनेको हस्ताक्षर | सपथ ग्रहण गर्नेको हस्ताक्षर |
| पद : | पद : |
| नाम : | नाम : |
| मिति : | मिति : |

## अनुसूची - २
## (दफा ३ सँग सम्बन्धित्)

### महासंघको छाप

## अनुसूची - ३
## (दफा ३ सँग सम्बन्धित्)

### महासंघको प्रतिक चिन्ह र झण्डा



**झण्डा::** डेढ साईजको सेतो रंङको कपडा, कागज वा यस्तै अन्य सामाग्रीमा बाँया तर्फ नेपालको राष्ट्रिय झण्डा र सोको अगाडीको खालि सेतो भागमा उपरोक्त बमोजिम महासंघको प्रतिक चिन्ह रातो रङमा राखिएको महासंघको झण्डा हुनेछ ।

# अनुसूची - ४
## (विधानको दफा २५क सँग सम्वन्धित)
## आचार संहिता

क) प्रत्येक निर्माण व्यवसायीहरुले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

१) निर्माण व्यवसायीले नैतिकताको आधारभुत सिद्धान्तको प्रतिकुल हुनेगरि कुनै कार्य गर्नु गराउनु हुँदैन ।

२) महासंघ तथा आफु संगठीत क्षेत्रीय तथा जिल्ला संघ समेतको विधानका व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

३) महासंघ तथा आँफु संगठीत क्षेत्रीय तथा जिल्ला संघ समेतको अहित हुने गरि कुनै कार्य गर्न गराउन हुँदैन ।

४) संघ संस्थाको रकम मास्न, खान हुँदैन ।

५) भ्रष्टाचार गर्न गराउन हुँदैन ।

६) नैतिक पतन देखिने फौदारी अपराध गर्नु गराउनु हुँदैन ।

७) अग्रज निर्माण व्यवसायी तथा मर्यादाक्रममा माथिका पदाधिकारीहरु उपर उचित आदर गर्नुपर्दछ ।

८) महासंघ तथा क्षेत्रीय र जिल्ला संघहरुको निर्णय सबै सदस्यहरुले मान्नु पर्दछ ।

९) निर्माण व्यवसायीहरुले पेशा प्रति श्रद्धा र महासंघ वा अन्य कुनैपनि निर्माण व्यवसायी संघप्रति आस्था राख्नु पर्दछ ।

१०) नेपाल राष्ट्रको निर्माण र विकासतर्फ नेपाली उद्योग र नेपाली निर्माण व्यवसायी दुबै प्रति प्रतिबद्ध रहनुपर्दछ ।

११) निर्माण व्यवसायीले आफू सदस्य रहेको संघ/महासंघको विधान र यो आचारसंहिताको पालना अनिवार्यरुपले गर्नुपर्दछ ।

१२) निर्माण व्यवसायीले आफ्नो प्रोप्राईटरशीपमा रहेको फर्म वा आफ्नो पूर्ण वा आंशिक स्वामित्व रहेको कम्पनीको दुरुपयोग हुनेगरी अरुलाई प्रयोग गर्न दिनु हुँदैन । यसरी दुरुपयोग भएको खण्डमा सो फर्म/कम्पनीको प्रोप्राईटर वा मेनेजिङ्ग डाईरेक्टर वा अनय जिम्मेवार व्यक्ति उत्तरदायी हुनुपर्नेछ ।

१३) निर्माण व्यवसायीहरुको साझा हितको सबालमा सबै निर्माण व्यवसायीहरुले आ-आफ्नो तर्फबाट सशक्त भूमिका निर्वाह गर्न तत्पर रहनुपर्दछ ।

१४) जुनसुकै वर्गको भएपनि हरेक निर्माण व्यवसायीले एक अर्काको सम्मान गर्ने र व्यवसायिक विकासका लागि पारस्परिक सहयोग गर्ने गर्नुपर्दछ ।

१५) कुनै पनि संघको कुनै पनि पदाधिकारी वा सदस्यले व्यक्तिगत लाभका लागि पदको दुरुपयोग गर्नुहुँदैन । महासंघ, क्षेत्रीय तथा जिल्ला संघहरु र सोका पदाधिकारी एवं सदस्यहरुले आ-आफ्नो विधान बमोजिम तोकिएको कार्यहरु आँफैले बहन गर्नुपर्नेछ । आँफुलाई तोकिएको जिम्मेवारी र कार्यहरु बाहेक अन्य काम कारवाहीहरु गर्नु गराउनु हुँदैन ।[८]

१६) कुनैपनि संघको कुनै पनि पदाधिकारी वा सदस्यहरुले विना सिलबन्दी दरभाउपत्र **९ज्बलम च्भअभष्उत०** को माध्यमबाट, उपभोक्ता समिति मार्फत्, अमानत वा कोटेशनबाट वा नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल ( एन.सि.सि.एन.) जस्ता निकायबाट काम लिनुहुँदैन ।

१७) कुनै पनि जिल्लामा हुने निर्माणको कार्यमा सम्वन्धित जिल्लाका निर्माण व्यवसायीहरुले प्राथमिकता पाउनुपर्दछ ।

१८) एकजनाको स्तरहीन कामले सम्पूर्ण निर्मण व्यवसायी बदनाम हुने हुँदा अस्वस्थ प्रतिस्पर्धा र गुणस्तरहीन काम कुनै पनि निर्माण व्यवसायीले गर्नुहुँदैन ।

१९) हरेक निर्माण व्यवसायी संघले व्यवसायीहरुको हितलाई उच्च प्राथमिकता दिनुपर्दछ ।

२०) जिल्ला निर्माण व्यवसायी संघहरुले जिल्लास्तरीय निर्माण कार्य लगायत सम्पूर्ण जिल्लास्तरीय समस्याहरु समाधान गर्न निर्णायक भूमिका खेल्ने र निर्माण व्यवसायीहरुको समस्या समाधानका लागि प्रयत्नशील रहनुपर्दछ ।

२१) क्षेत्रीय निर्माण व्यवसायी संघहरुले क्षेत्रीय स्तरमाका निर्माण कार्य लगायत अन्य क्षेत्रीयस्तरका सम्पूर्ण समस्याहरु समाधान गर्न निर्णायक भूमिका खेल्ने र व्यवसायीहरुको हकहितका लागि प्रयत्नशील रहनुपर्दछ ।

२२) नेपाल निर्माण व्यवसायी महासंघले केन्द्रीयस्तरका निर्माण कार्य लगायत केन्द्रीयस्तरका सम्पूर्ण समस्याहरु समाधान गर्न निर्णायक भूमिका खेल्ने र व्यवसायीहरुका हकहितका सवालमा प्रयत्नशील रहनुपर्दछ, साथै देशको प्रतिष्ठा बढाउन राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत सक्रीय रहनुपर्दछ ।

२३) जिल्ला एवं क्षेत्रीय संघको कुनै समस्या केन्द्रीय तहबाट समाधान गर्नुपर्ने अवस्था आएमा त्यस्तो कामको नेतृत्व महासंघले गर्नुपर्दछ । त्यस्तै महासंघले जिल्ला वा क्षेत्रीयस्तरको कुनै समस्याबारे निर्णय लिनुपर्दा सम्बन्धित जिल्ला वा क्षेत्रीय संघसँग सल्लाह गरेर मात्र निर्णय लिनुपर्दछ ।

२४) दुई वा दुई भन्दा बढी जिल्लासँग सम्वन्धित निर्माण कार्यबारे समस्या उत्पन्न भएमा क्षेत्रीय निर्माण व्यवसायी संघको पहलमा आपसी सहमतिबाट समाधान गर्नुपर्दछ ।

२५) हरेक संघका हरेक पदाधिकारी वा सदस्यहरुले आफ्नो जिम्मेवारीको काम इमान्दारीका साथ पूरा गर्नुपर्दछ ।

२६) महासंघ, एशोसिएट, क्षेत्रीय र जिल्ला संघहरुका निर्वाचनमा अनावश्यक प्रभाव पार्ने गरी आर्थिक तथा पदीय दुरुपयोग गर्न पाईने छैन ।

२७) महासंघका पदाधिकारी तथा सदस्यहरुले एशोसिएट, क्षेत्र र जिल्लाका साधारण सदस्यहरुलाई अनुचित प्रभाव पार्ने, दबाव दिने कार्यहरु गर्न पाईने छैन ।

२८) मर्यादा क्रममा आफुभन्दा तलका पदाधिकारी र सदस्यहरुलाई उचित सम्मान दिनुपर्नेछ ।

२९) निर्माण व्यवसायीले एशोसिएट वा जिल्ला संघ मध्ये एक स्थानमा मात्र साधारण सदस्यता लिनुदिनु पर्नेछ । यस विपरित दुई वा दुई भन्दा बढी स्थानमा सदस्यता लिए दिएको पाईएमा महासंघले छानविन गरी कारवाही गर्नुपर्नेछ ।

३०) नेपालका संपूर्ण निर्माण व्यवसायीहरुको एकमात्र प्रतिनिधि एवं छाता संगठनका रुपमा नेपाल निर्माण व्यवसायी महासंघलाई प्रभावकारी रुपमा अगाडि बढाउन महासंघमा आबद्ध सम्पूर्ण नेपाली निर्माण व्यवसायीहरुको दायित्व हुनेछ । [८८]

३१) महासंघका सदस्य बस्तुगत संघहरुले समेत आचार संहिता पूर्ण रुपमा पालना गरी गराई बस्तुगत संघहरुलाई अनुशासित, क्रियाशिल बनाउनेछन् । [८८]

# अनुसूची - ५ᵃ
# (विधानको दफा २५घ सँग सम्वन्धित)

महासंघको मर्यादाक्रम निम्न बमोजिम हुनेछ । तर महासंघका पूर्व सल्लाहकार, पूर्व पदाधिकारीहरु, पूर्व कार्यसमिति सदस्यहरु, क्षेत्रीय संघका पूर्व सल्लाहकार, पदाधिकारी र सदस्यहरु, जिल्ला संघका पूर्व सल्लाहकार, पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम वहालवाला तत् तत् सल्लाहकार, पदाधिकारी र सदस्य भन्दा पछि हुनेछ ।

१) मानार्थ सदस्य

२) सल्लाहकारहरु

३) अध्यक्ष

४) निवर्तमान अध्यक्ष

५) भुतपूर्व अध्यक्षहरु

६) उपाध्यक्षहरु

७) महासचिव

८) उप महासचिव (नितीगत)

९)उप महासचिव ( आन्तरीक)

१०) कोषाध्यक्ष

११) सह-कोषाध्यक्ष

१२) महासंघ कार्यसमितिका निर्वाचित सदस्यहरु

१३) महासंघ कार्यसमितिका पदेन सदस्यहरु

१४) महासंघ कार्यसमितिका मनोनित सदस्यहरु

१५) महासंघका विशेष आमन्त्रित सदस्यहरु

१६) क्षेत्रीय निर्माण व्यवसायी संघका पदाधिकारीहरु

१७) क्षेत्रीय निर्माण व्यवसायी संघ कार्यसमिति सदस्यहरु

१८) जिल्ला निर्माण व्यवसायी संघका अध्यक्षहरु

१९) जिल्ला निर्माण व्यवसायी संघ कार्यसमितिका पदाधिकारीहरु

२०) जिल्ला निर्माण व्यवसायी संघ कार्यसमिति सदस्यहरु

२१) एशोसिएट, क्षेत्र र जिल्लाका महासंघ साधारणसभा प्रतिनिधिहरु

२२) एशोसिएट, क्षेत्र र जिल्लाका सदस्यता प्राप्त निर्माण व्यवसायीहरु

तर उल्लेखित व्यक्तिहरुको मर्यादाक्रम स्पष्ट हुन नसके नीजले विगतमा महासंघ कार्यसमितिमा ग्रहण गरेको पद, एशोसिएट तर्फ रही गरेको कार्य, क्षेत्रीय तथा जिल्ला संघका विगतका कार्यसमितिमा ग्रहण गरेको पद, नीजको निर्माण व्यवसायमा प्रवेश, महासंघ अन्तरगतको सदस्यता लगायतका विषयहरु समेतमा मध्यनजर गरी मर्यादाक्रम तोकिनेछ ।

<u>संकेत:</u>

८ आठौं संशोधन (२०६७।७।१८ मा स्वीकृत) बाट संशोधित
८८ आठौं संशोधनबाट थप ।
८८८ आठौं संशोधनबाट खारेज ।

☆☆☆